मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




हत्या आरोपमा एक पक्राउ
पृष्ठ ३ मा

वर्ष १ | अंक ४८ | २०७९ साल पुस १२ गते मंगलवार | Tuesday 27, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

# प्रचण्ड नेतृत्वमा ८ सदस्यीय मन्त्रिपरिषद्

मधेशदृष्टि
काठमाडौं, पुस ११ ।
प्रधानमन्त्रीसँगै नवनियुक्त मन्त्रीहरूले पनि सोमवार शपथ लिएका छन । यो संगै प्रचण्ड सरकारका ८ सदस्यीय मन्त्रिपरिषद गठन भएको छ । शीतल निवासमा आयोजित विशेष समारोहबीच राष्ट्रपति विद्यादेवी भण्डारीले नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पद तथा गोपनीयताको शपथ गराइन् ।
प्रधानमन्त्रीपछिको दोस्रो वरीयताको उपप्रधानमन्त्री तथा अर्थमन्त्रालयका जिम्मेवारी समेत पाएका नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल, माओवादी केन्द्रका नारायणकाजी श्रेष्ठ उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री र राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछाने उप्रधान तथा गृहमन्त्रीको रुपमा शपथ लिएका छन ।
एमालेबाट मन्त्री बनेका ज्वालाकुमारी साह, राजेन्द्रकुमार राई र दामोदर भण्डारीका साथै जनमत पार्टीका अब्दुल खानको कार्यभार भने पछि तोकिने भएको छ ।
८ सदस्यीय मन्त्रिपरिषद्मा एमालेका राजेन्द्र राई र जनमतका अब्दुल भने पहिलोपटक मन्त्री भएका हुन् । यो सरकारलाई नेकपा एमाले,
- बाँकी पृष्ठ ५ मा




### ट्राफिक जामले ज्वालाको शपथमा ढिला

नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारमा मन्त्री बनेकी ज्वालाकुमारी साह ढिला गरी शपथ लिएकी छिन् । सबै मन्त्री शपथ लिइसकेपछि उनी एक्लै शपथ लिएकी छिन् । बिना विभागीय मन्त्री बनेकी उनी राजधानीको ट्राफिक जाममा परेका कारण ढिलागरी शपथमा पुगेकी हुन् । प्रधानमन्त्री प्रचण्डसहित ७ मन्त्रीले शपथ लिएपछि मात्रै उनी शीतल निवास पुगेकी थिइन् । ढिलागरी पुगेकी उनलाई राष्ट्रपति विद्यादेवी भण्डारीले अन्य मन्त्रीहरूले शपथ लिएपछि एक्लै शपथ गराएकी थिइन् । शीतल निवास स्रोतका अनुसार चर्को जामका कारण उनी निर्धारित समयमा शीतल निवास पुग्न नसकेकी हुन् ।

### रेशमको रिहाईपछि मात्रै सरकारमा

प्रधानमन्त्रीमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई समर्थन जनाएको नागरिक उन्मुक्ति पार्टी सरकारमा भने सहभागी नहुने भएको छ ।
पार्टी प्रवक्ता दामोदर पण्डितले प्रचण्ड नेतृत्वको सरकारलाई नागरिक उन्मुक्तिको समर्थन गरेको हो, सरकारमा तत्काल जाने निर्णय भएको छैन । पार्टी प्रवक्ता पण्डितले भने,'सरकारमा जान हामीले पार्टीका संरक्षक रेशम चौधरीको रिहाइलाई बटमलाइन बनाएका छौं । सुदूरपश्चिममा पनि हामी निर्णायक छौं तर बटमलाइन पुरा नभए प्रदेश सरकारमा
- बाँकी पृष्ठ ६ मा

### जसपा सरकारमा जाने टुँगो लागेन

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन जनाएको जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारमा सहभागी हुने बारे निश्चित भएको छैन ।
जसपाका प्रवक्ता मनिष सुमनका अनुसार जसपाले सरकारलाई समर्थन गरे पनि सरकारमा जाने नजाने अझै टुंगो नलागेको बताए । उनले भने, 'सरकारमा जाने-नजाने विषयमा पार्टीको बैठकले तय गर्नेछ ।'
जसपामा अहिलेसम्म संसदीय दलको नेता पनि चयन भएको छैन । 'संसदीय दलको नेता चयन नभएसम्म सरकारमा जाने कुरा हुँदैन' भन्दै उनल भोलिसम्ममा संसदीय
- बाँकी पृष्ठ ६ मा

भवन कार्यालय वीरगंजमा संघको हस्तक्षेप
## प्रमुखमा दुईजनाको दाबी



मधेशदृष्टि
वीरगंज, पुस ११ ।
मधेश प्रदेश सरकारको भौतिक पुर्वाधार बिकास मन्त्रालयको वीरगजमा रहेको कार्यलयमा दुईजना प्रमुख आएपछि सोमबार दिनभरी सो कार्यलयमा तानाव श्रृजना भएको छ ।
शहरी बिकास तथा भवन कार्यलयमा संघीय तथा प्रादेशिक विभागले छुटाछुटै कार्यलय प्रमुख बनाएर पठाएपछि बिवाद उत्पन भएको छ ।
वीरगज कार्यलयमा प्रदेश सरकारले ई. मदन रायलाई तथा संघीय सरकारले सरोज कुमार गोईतलाई पठाएपछि प्रमुख को हो कर्मचारीहरु आफैमा अन्योलग्रस्त छन् । विवादका कारण कर्मचारीहरुले तलव समेत खान पाएका छैनन् । प्रदेश मातहतको कार्यलयमा गैरकानुन तरिकाले सरोज कुमार गोईतलाई संघीय कार्यलयले प्रमुख बनाएर पठाएपछि अधिकारीको विषय सो कार्यलयमा उठन थालेको हो ।
जनता अवासको रकममा व्यापक भष्ट्राचार गर्ने उदेश्यले कार्यलय प्रमुख बन्न हाथथाप हुने गरेका छ । अधिकास जनताहरुको घर बनेका छैनन्, तर अहिले काम गरेका कर्मचारीहरुले कमिसन बुझि हिडी सकेका छन् । सोमबार विवाद भएको मुख्य कारण निवासमा कब्जा जमाउनु थियो । सो कार्यलयका लागी केही पहिला प्रदेशबाट सरुवा भई आएका बिवादित छवीका सरोज गोईतलाई संघीय विभागले फिर्ता बोलाएको थियो ।
भदौमा आएका गोईत काठमाडौमा काम गरेपछि निवासमा आफ्नो समान राखी ताल्चा लगाई हिडेका थिए । मदन रायले गोईत बस्ने कोठा
- बाँकी पृष्ठ ५ मा

# चर्को ब्याजदर र पूँजी कर्जा खारेजको माग गर्दै विरोध प्रदर्शन




मधेशदृष्टि
वीरगञ्ज पुस ११।
बैंकको ब्याजदर चर्को भएको र नेपाल राष्ट्र बैंकले लागु गरेको चालु पूँजी कर्जा मार्गदर्शन खारेजीको माग गर्दै सोमवारबाट वीरगंज उद्योग वाणिज्य संघको नेतृत्वमा वीरगंजका उद्योगी व्यवसायीहरुले चरणबद्ध आन्दोलन शुरुगरेका छन् ।
व्यवसायीहरुले 'हामी आन्दोलनमा छौं' लेखिएको ब्यानर सहित वीरगञ्जमा प्रदर्शन गरेका छन् । वीरगञ्ज उद्योग वाणिज्य संघबाट निस्केको विरोध ¥याली आदर्शनगर हुँदै नेपाल राष्ट्र बैंक अगाडि पुगेर समापन भएको थियो ।
उद्योगी व्यवसायीहरुले वीरगंज उद्योग वाणिज्य संघको कार्यालय र नेपाल राष्ट्र बैंकको गेट अगाडि कालो ब्यानर समेत झुण्डयाएका छन् । बैंकहरुको चर्को ब्याजदर र नेपाल राष्ट्र बैंकको चालू पुंजी कर्जा निर्देशिका २०७९ का कारण आर्थिक संकट बढेको गुनासो गर्दै उद्योगी व्यवसायीहरु आन्दोलित भएका हुन् ।
८ प्रतिशतमा लिएको ऋणको ब्याजदर १५ प्रतिशत पुगेर धेरै जनाको सम्पती लिलामीको प्रक्रियामा जान लागेकोले आन्दोलनमा जानु परेको वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष सुवोध गुप्ताले जानकारी दिए ।
वीरगञ्ज उद्योग वाणिज्य संघले नेतृत्व गरेको आन्दोलनमा मधेस प्रदेश भरका उद्योग वाणिज्य संघ, नेपाली युवा उद्यमी मञ्च, होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्ज लगायत २६ वटा संघ संस्थाले ऐक्यबद्धता जनाएका छन् ।
नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष गणेश लाठले २१ गतेसम्म आन्दोलन गर्दा पनि सुनवाई नभए थप आन्दोलनका कार्यक्रम घोषणा गरिने बताए । वीरगंज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष अशोक वैद्यले उद्योगी व्यापारीलाई सडकमा आउन बाध्य पार्नुको साटो व्यापार व्यवसाय गर्न सहज वातावरण बनाईदिन आग्रह गरे ।
वीरगञ्जका व्यवसायीले मंगलबार वीरगञ्जको आदर्शनगर, माईस्थान लगायत बजार क्षेत्रका पसलमा झण्डा र कालो पट्टी वितरण गर्ने, बुधबार नेपाल राष्ट्र बैंक अगाडि १ घण्टा धर्ना दिने र बिहीबार विशाल विरोध ¥याली निकालेर नगर परिक्रमा गर्ने लगायतका आन्दोलनको कार्यक्रम घोषणा गरेका छन् ।
यसैविच बैंकको चर्को ब्याजदर तथा प्रतिकुल नीतिहरुको विरोधमा सोमबार बाराको कलैयामा पनि व्यवसायिले मौन विरोध ¥याली निकालेका छन् । कलैयाको रामजानकी मन्दिरमा भेला भई निस्किएको उद्योगी व्यवसायीहरुको मौन ¥यालीले बजार परिक्रमा पछि बाराका प्रमुख प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालमार्फत अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो ।
ज्ञापनपत्रमा कोभिड महामारीले वर्वाद हुन थालेको निजी क्षेत्रलाई आर्थिक सहुलियत, छुटको दिएर पुनरुत्थान गर्नुको साटो राष्ट्र बैंकले चालु पूँजी कर्जा सम्बन्धी मार्गदर्शन लागु गरेर निजी क्षेत्रमा झन् जटिलता र अन्यौलको अवस्था सृजना गरेको प्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ । मुलुकलाई आर्थिक दुर्घटनाबाट बचाउन सरकारको तर्फबाट सुधारात्मक कदम चल्नु आवश्यक रहेको बारा उद्योग वाणिज्य संघ कलैयाका अध्यक्ष राजकुमार साहले बताउनु भयो । व्यवसायी आन्दोलनमा सहभागी भएका कारण सोमबार कलैयाका पसल व्यवसाय साढे १२ बजेपछि मात्रै खुलेका थिए ।

Lotus Coaching Center Janakpurdham
लोटस कोचिङ्ग सेन्टर
सीता चौक, जनकपुरधाम-१
नेपाल विद्युत प्राधिकरणको लोक सेवा तयारी कक्षा
दक्ष एवम् अनुभवी प्रशिक्षकहरू द्वारा कक्षा सञ्चालन
इलेक्ट्रिकल सुपरभाईजर तह-५
इलेक्ट्रिकल फोरमेन तह-४
इलेक्ट्रिसियन तह-३
हाम्रो सुविधाहरू यस प्रकारका छन:-
१) Online class को व्यवस्था ।
२) यस कोचिङ्ग सेन्टरमा पढ्ने सम्पूर्ण विद्यार्थीहरुलाई परीक्षाको समयमा रुटीन निस्किसकेपछि हुने Commando Class Free मा गराइनेछ ।
३) प्रत्येक शनिवार लिखित तथा वस्तुगत बहुउत्तर Model Exam लिइने व्यवस्था ।
४) पाठयक्रम अनुसार लोक सेवा Exam लिखित तथा Objective मा मिल्न सक्ने खालको नेपाल टप नोटको व्यवस्था ।
५) नियमित कक्षाको साथ-साथै ने.वि.प्रा. को लोक सेवा आयोगमा अहिले सम्म सोधेका सम्पूर्ण Question bank तथा Question bank solution को व्यवस्था ।
६) लिखित परीक्षामा नाम निकालेको विद्यार्थीहरुलाई नि:शुल्क अन्तरवार्ता class को व्यवस्था ।
७) अहिलेसम्म लोटस कोचिङ्ग सेन्टरबाट सबभन्दा बढी विद्यार्थी ने.वि.प्रा. मा जागीर खान सफल भएको नेपालको पहिलो कोचिङ्ग सेन्टर हो ।
कक्षा सञ्चालनहुने समय
पहिलो शिफ्ट : बिहान ६:00 बजेदेखि ८:00 बजेसम्म ।
दोश्रो शिफ्ट : साँझ ६:00 बजेदेखि ८:00 बजेसम्म ।
नमुना परीक्षा : प्रत्येक शनिवार बिहान ८:00 बजे
सम्पर्क स्थान
लोटस कोचिङ्ग सेन्टर
स्थान : सीता चौक, जनकपुरधाम-१
फोन नं. ९८०४८२०७२०, ९८५४०२०७२०
कक्षा सञ्चालन : २०७९ पौष २० गते देखि

# राप्रपाका प्रदेश सांसद भन्छन् : प्रदेश किन चाहियो ?



मधेशदृष्टि
जनकपुरधाम, पुस ११ ।
राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता तथा प्रदेश १ प्रदेशसभा सदस्य भक्तिप्रसाद सिटौलाले प्रदेश किन चाहियो भनी प्रदेशसभा र प्रदेश सरकार खारेज गर्न लागिपर्ने बताएका छन् ।

प्रदेशसभा सदस्यको शपथग्रहणपछि संचारकर्मीलाई प्रतिक्रिया दिँदै उनले भने ' हामीलाई प्रदेशसभा जरुरत छैन भनेका छौं । प्रदेशसभाले नेपाली जनतालाई आर्थिक भारमात्रै थपेको छ । आज विदेशसँग ऋण लिएर प्रदेशसभाका सदस्यहरूलाई तलब भत्ता खुवाउनु परेको छ। सिटौलाले थप्दै भने प्रदेश वाहियात हो, 'केन्द्र सरकारले स्थानीय सरकारसँग समन्वय गरेर काम गर्नुपर्छ भन्ने हामी प्रमुख रुपमा उठाउँछौं । भत्ता खाने म पनि पर्छु । तर स्वाभावैले बिगार्न लाग्दा पनि भोको पेट त हुँदैन । घर भत्काउन पनि भोको बसेर भत्काउन सकिँदैन नि त ?'

सिटौलाले मन्त्री बन्ने परिस्थिति निर्माण भए सोही अनुसार अगाडि बढ्ने बताए । यद्यपि मन्त्री हुँदा पनि प्रदेश खारेज गर्न नै लागिपर्ने भने । ' परिस्थिति मुताबिक चल्ने हो । मन्त्री भएर पनि प्रदेश सरकार, प्रदेशसभा खारेज गर्न भूमिका खेल्ने हो । प्रदेशसभामा भाग लिएको पनि त्यसैका लागि हो । हामी चुनाव लड्दा नै प्रदेश खारेजको मुद्दा लिएर चुनाव लडेका हौं ।'

प्रदेश खारेज हुनुपर्छ भन्ने मान्यता रहे पनि प्रदेशको नाम भने छिटो राख्नुपर्ने उनले बताए । 'म पहिलो नम्बरमै प्रदेशको नाम राख्नुपर्छ भन्ने मान्यता राख्छु । तत्कालका लागि नाम राख्नु पर्छ,' उनले भने, 'प्रदेश खारेज नभएसम्म अनाम हुनुभएन । मेरो पार्टीको एजेन्डा नै प्रदेश सरकार जरुरत छैन । उनले केन्द्रको राजनीतिमा र प्रदेशमा के गर्ने भन्ने विषयमा दुई दिनपछि बस्ने केन्द्रीय कार्यसम्पादन समितिको बैठकले निर्णय लिने बताए । 'अहिले हामीले केन्द्र सरकारलाई समर्थन मात्रै गरेका छौं । सरकारमा जाने नजाने भन्ने निर्णय अहिले भएको छैन ।

सरकारमा जाँदा के शर्तमा जाने र नजाँदा किन नजाने भन्ने विषयमा पर्सिको बैठकबाटै गर्छौं । राप्रपा प्रदेशसभा संसदीय दलको बैठक आगामी १५ गते बस्ने उनले जानकारी दिए ।

# प्रमाण हुँदाहुँदै अदालतले अभियुक्तलाई छाड्यो




मधेशदृष्टि
काठमाडौं, पुस ११ ।
राष्ट्रसेवक कर्मचारीले घुस माग गरेको अडियो रेकर्ड, घुस लेनदेन गरेको भिडियो र रङ्गेहात पक्राउ परेका प्रतिवादीलाई पूर्ण प्रमाणसहित विशेष अदालतमा मुद्दा दायर गरेपनि त्यस्ता प्रतिवादीलाई सफाइ दिन थालिएको छ ।

केही समय अगाडि गरेको एक फैसलामा कल रेकर्ड र भिडियो प्रमाणबाट भ्रष्टाचार गरेको पुष्टि हुँदा पनि विशेष अदालतले 'क्लिनचिट' दिएको पाइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस रिसवत सम्बन्धी मुद्दाका प्रतिवादी दाङका हुकुम बहादुर वलीलाई क्लिन चिट पाएका हुन ।

अख्तियारले २०७७ साउन २५ गते दर्ता गराएको रिटमा विशेष अदालतका न्यायाधीशद्वय श्रीकान्त पौडेल र यमुना भट्टराईको संयुक्त इजलासले ९६ हजार ३ सय रुपैयाँ घुससहित रङ्गेहात पक्राउ परेका अधिकृत (सातौं) हुकुमबहादुर वलीलाई सफाइ दिएको पाइएको छ । विशेष अदालतको सफ्टवेयरमा बिहीबार मात्रै अपलोड गरिएको फैसलाको पूर्णपाठमा सफाइ दिनुको आधार सरकारले नै पैसा दिएको कारण प्रमाणमा ग्रहण गर्न नमिल्ने भनेर ठहर गरेको छ ।

सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैले सेवाग्राहीलाई रकम दिई पठाएर प्रतिवादीलाई पक्राउ गरिएको कुरा र त्यसको प्रमाणलाई प्रमाणका रुपमा ग्रहण गर्न नमिल्ने भन्दै प्रतिवादीलाई सफाइ दिइएको हो ।

जबकि प्रतिवादी आफैले घुस लेनदेनका लागि गरिएको कुराकानीको कल रेकर्ड, पैसा दिँदै गर्दाको भिडियो रेकर्ड आफ्नै रहेको स्वीकार गरेका छन् भने कुराकानीको कल रेकर्डमा प्रयोग भएको आवाज परीक्षण गर्दा पनि सेवाग्राही र प्रतिवादीबीच भएको कुराकानीकै रेकर्ड रहेको पुष्टि भएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट दिइएको रकम प्रमाणका रुपमा ग्रहण गर्न नमिल्ने भएपनि अन्य तथ्य र प्रमाणबाट अभियोग पुष्टि हुने आधार देखिएमा ठहर गर्नुपर्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत विशेष अदालतले प्रतिवादी वलीलाई क्लिन चिट दिएको हो ।

२०७९ असार १० गते भएको फैसलामा न्यायाधीशद्वय पौडेल र भट्टराईले 'वष्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन नसकेकाले आरोपित कसुरबाट सफाइ पाउने' ठहर गरेको छ । कल रेकर्डलाई आधार मान्ने हो भने कागजात मिलाउन र आन्तरिक सिस्टमका लागि समेत भनेर रकम मागिएको स्पष्ट देखिन्छ ।

आरोपितले पैसा लिएको र पैसा गनेको भिडियोमा स्पष्ट रुपमा देखिएपनि विशेष अदालतले सफाइ दिने क्रममा आयोगबाट उपलब्ध गराइएको रकमलाई प्रमाणका रुपमा लिन नमिल्ने र प्रतिवादीले घुस लेनदेनको विषय अस्वीकार गरेको जिकिरलाई प्रमाणका रुपमा लिएको छ ।

# बैकिङ कसुर मुद्दामा फरार ४ जना पक्राउ

मधेशदृष्टि
हेटौडा, पुस ११ ।
बैंकिङ कसुर मुद्दामा फरार ४ जनालाई केन्द्रीय अनुसन्धान ब्यूरोले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका-३ घर भएका ४८ वर्षीय राजन बर्तौला, सिन्धुपाल्चोकको पाँचपोखरी गाउँपालिका-६ घर भएका ३८ वर्षीय विकाश ज्योती, भक्तपुर घर भएका ३५ वर्षीय राम सुन्दर कार्की र गोरखा बारपाक घर भएका ५० वर्षीय नवराज पनेरू रहेका छन् ।

अभियुक्तहरु मध्ये राजन र नवराजलाई चितवनबाट तथा विकाशलाई ललितपुरको लगनखेलबाट पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरोले जनाएको छ ।

राम सुन्दर काठमाडौंको जोरपाटीबाट पक्राउ परेको हो । बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनले राजनलाई १२ दिन कैद र ३४ लाख जरिवाना हुने फैसला गरेको छ । विकाशलाई १५ दिन कैद र ४२ लाख रूपैयाँ जरिवाना हुने फैसला गरेको छ । राम सुन्दरलाई ४ दिन कैद र १५ लाख ९२ हजार जरिवाना हुने फैसला गरेको छ । नवराजलाई १० दिन कैद र २९ लाख रुपैयाँ जरिवाना ठहर गरेको छ ।

फैसलापछि उनीहरु फरार भएका थिए ।

# ३५ तोला सुन सहित डिएसपी पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, पुस ११ ।
अवैध सुन र घुसकाण्डमा पक्राउ परेका इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरिक्षक (डीएसपी) ठगबहादुर केसीलाई जिल्ला प्रहरी कार्यालय भैरहवाको हिरासतमा राखिएको छ । केन्द्रीय अनुसन्धान व्युरोको टोलीले आइतबार साँझ उनलाई बुटवलस्थित निवासबाट नियन्त्रणमा लिएको थियो । केन्द्रीय अनुसन्धान व्युरोका प्रवक्ता एसपी कमल थापाले सीआईबीको टोली केसीलाई जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाएर फर्केका छन् । डीएसपी केसीले बुटवलका एक व्यापारीसँग ३५ तोला सुन बरामद गरी मुद्दा प्रक्रिया अघि नबढाई पैसाको बार्गेनिङ गरेको जानकारी पाएपछि अनुसन्धानको लागि सीआईबीको टोली त्यहाँ पुगेको थियो । सीआईबीले उनको निवासबाट ८ लाख ५० हजार रूपैयाँ, ९ लाख ५० हजार रूपैयाँको खिम जिसीको नाममा रहेको चेक र ३५ तोला सुन बरामद गरिएको थियो ।

केही दिनअघि जिल्ला प्रहरी कार्यालय कास्कीमा सरुवा भएका उनी सोमबार रमाना लिएर जाँदै थिए । तर, रमाना लिनुअघि नै उनी सीआईबी अनुसन्धान टोलीको नियन्त्रणमा परेका हुन् । जिल्ला प्रहरी कार्यालय रूपन्देहीका एसपी रवीन्द्र रेग्मीले डीएसपी केसी नियन्त्रणमा रहेको बताएका छन् ।

# लोसपा लुम्बिनी संसदीय दलको नेतामा पाण्डेय

मधेशदृष्टि
रुपन्देही, पुस ११ ।
तीन सांसद रहेको लुम्बिनी प्रदेश सभामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले प्रदेश संसदीय दलको नेतामा सन्तोष कुमार पाण्डेयलाई चयन गरेका छन ।

सोमबार लोसपा लुम्बिनी प्रदेशका संयोजक तथा प्रदेश सभा सदस्य सन्तोष कुमार पाण्डेयको अध्यक्षतामा बसेको बैठकले पाण्डेयलाई संसदीय दलको नेतामा सर्वसम्मत चयन गरेको पार्टीका लुम्बिनी प्रदेश कार्यकारिणी सदस्य मोहम्मद इस्लामले बताएका छन । पाण्डेय रुपन्देही क्षेत्र नम्बर ३ को १ बाट निर्वाचित भएका हुन् । उनी यसअघि एमाले नेतृत्वको सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री बनेका थिए । दलको निर्णय विपरित सरकारमा गएको भन्दै उनलाई तत्कालीन जसपाले सांसदबाट हटाएको थियो ।

त्यस्तै संसदीय दलको उपनेतामा रुपन्देही क्षेत्र नम्बर ४ को १ बाट निर्वाचित प्रदेशसभा सदस्य कन्हैया बनिया चयन भएका छन् भने प्रमुख सचेतकमा समानुपातिक प्रदेश सभा सदस्य हेमा बेल्बासे केसी चयन चयन गरिएको छ ।

# नागरिकता छानबिनको माग गर्नेहरु पक्राउ

मधेशदृष्टि
काठमाडौं, पुस ११ ।
नवनियुक्त गृहमन्त्री रवि लामिछानेको नागरिकता छानबिन गर्न माग गर्दै राष्ट्रपति भवन अगाडि प्रदर्शनमा उत्रेका नेवि संघका नेताहरुलाई प्रहरीले पक्राउ गरेका छन । शीतल निवासमा गृहमन्त्री लामिछानेको शपथग्रहण चलिरहेका बेला उनीहरूले प्रदर्शन गर्दा नेवि संघका ३ जना नेता पक्राउ परेका थिए । पक्राउ पर्नेमा नेविसंघका नेता भुवन भट्टसहित ३ जना रहेको प्रहरीले जनाएको छ ।

लामिछानेले विदेशी नागरिकता त्यागेर नेपाली नागरिकता नलिई उम्मेदवार बनेको भन्दै मुद्दा चलिरहेको छ । प्रदर्शनस्थलबाट नेविसंघका भुवन भट्ट, विक्रम आदित्य गिरी, मनिष रायमाझी पक्राउ परेका हुन् ।

पक्राउ परेकाहरूलाई महानगरीय प्रहरी वृत महाराजगञ्जमा राखिएको छ । दोहोरो नागरिकता र राहदानी प्रयोगको छानबिन भइरहेका बेला रवि लामिछानेलाई गृहमन्त्री बनाएको भन्दै राष्ट्रपतिको कार्यालय शीतल निवास अगाडि प्रदर्शन गरेको थियो । उनीहरुले आफूलाई नेपाली कांग्रेसनिकट नेविसंघका कार्यकर्ता भएको बताएका छन् ।

# प्रदेश १ सांसदहरुले गरे शपथ ग्रहण

मधेशदृष्टि
विराटनगर, पुस ११ ।
प्रदेश १ प्रदेश सभाका सांसदहरुले पद तथा गोपनीयताको शपथ लिएका छन । पहिला प्रदेश सभाको ज्येष्ठ सांसदको रुपमा ७९ वर्षीय गयानन्द मण्डलले प्रदेश प्रमुख पर्शुराम खापुङबाट पद तथा गोपनियताको सपथ ग्रहण गरेका छन् ।प्रदेश प्रमुखको कार्यालयमा सपथ ग्रहण गरेपछि मण्डलले अन्य प्रदेशसभा सदस्यहरुलाई सपथ ग्रहण गराएका छन ।

सो क्रममा ६ जना सांसदले मातृभाषामा शपथ लिएका छन् भने सांसद सुनिता चौधरीले थारू भाषामा सथ लिएकी छन् ।उक्त समारोहमा आर्थिक मामिला तथा योजना मन्त्रीसमेत रहेका पाँचथर १(१) बाट दोस्रो पटक निर्वाचित सांसद माओवादी केन्द्रका इन्द्रबहादुर आङ्बो, इलाम १(१) बाट निर्वाचित पर्यटन तथा संस्कृतिमन्त्री नेकपा (एकीकृत समाजवादी) की खिनु लङ्वा लिम्बू, नेकपा (एकीकृत समाजवादी) का पाँचथर १ (१) बाट निर्वाचित कमलप्रसाद जबेगु, कांग्रेसका ताप्लेजुङ १(२)बाट निर्वाचित खगेनसिंह हाङ्गाम र जनता समाजवादी पार्टीकी निर्मला लिम्बूले मातृभाषा याक्थुङ लिम्बू भाषामा सपथ लिने प्रदेशसभा सचिवालयले जनाएको छ ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्र : | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्हा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

# हत्या आरोपमा एक पक्राउ




मधेशदृष्टि
बारा, पुस ११ ।
बारा प्रहरीले गत ८ गते शुक्रबार हत्या गरिएका भारतिय नागरिकका आरोपीलाई पक्राऊ गरेको छ । जिल्ला प्रहरी कार्यालय बारामा पत्रकार सम्मेलनको आयोजना गर्दै हत्याको घटनाका आरोपी एक जना भारतिय नागरिकलाई सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा भारत बिहारको मोतिहारी जिल्लामा पर्ने सेखवनाका प्रमोद राम रहेका छन् । शुक्रबार बाराको महागढीमाई नगरपालिका वडा नम्बर २ स्थित भुतहि पुलमा गोली हानि हत्या गरिएका भारतिय नागरिक शिवपुजन राय यादबको हत्याको आरोपमा उनको सँलग्नता पाएपछि जिल्ला प्रहरी कार्यालय बाराले रामलाई पक्राउ गरेको हो ।

बारा प्रहरीले गोली प्रहारबाट घाईते यादबलाई उपचारका लागि स्थानिय अस्पताल लगेपछि उनको मृत्यु भए नभएको कुरा गोप्य रुपमा बुझ्रेर बसेका प्रमोद रामको संलग्नता हत्याको उक्त घटनामा हुनसक्ने आशँकामा प्रहरीले पक्राउ गरी केरकार गर्दा उनको संलग्नता खुलेको थियो ।

केरकारको क्रममा भारतमा हत्या, लुटपाट जस्ता अनेकौ घटनामा रामको सहभागिता रहेको पाईएको प्रहरीले जनाएको छ । बारामा हत्या गरिएका यादब पनि भारतको कुख्यात अपराधि भएको र नेपालमा लुकिछिपि बसेको अवस्थामा रामको सँलग्नतामा यादबको हत्या भएको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

बारामा हत्या गरिएका शिबपुजन राय यादबले केही समय अघि भारत बिहार छौंडादानो ग्राम पन्चायतको उपप्रमुख रमेश यादब हत्याका आरोपी हुन । नेपालमा आएर लुकिछिपि बस्दैआएका उनी भारतिय नक्सलबादी गिरोहको नेता हुनुका साथै प्रहरीको मोष्ट वाण्टेड सुचिका अपराधि भएको बारा प्रहरीले जनाएको छ ।

# मधेस प्रदेश : सवारी दुर्घटनाको अवस्था चिन्ताजनक



मधेशदृष्टि
बारा, पुस ११ ।
चालु आर्थिक वर्षको ५ महिनामा मधेस प्रदेशमा सवारी दुर्घटनामा परेर मृत्यु हुनेमा महिला तथा बालबालिकाको संख्या अधिक रहेको छ ।

मधेस प्रदेशमा गत साउन देखि मंसिर मसान्तसम्म कुल २ हजार ४ सय ९३ सवारी दुर्घटना भएका छन् । दुर्घटनामा परेर ४४ जना महिला २५ जना बालबालिका तथा १८ जना पुरुषले ज्यान गुमाएको मधेस प्रदेश ट्राफिक प्रहरी पथलैयाका प्रवक्ता डीएसपी लक्ष्मी भण्डारीले बताएका छन् । उक्त दुर्घटनामा परेर ७४६ महिला २७५ पुरुष तथा ६२६ बालबालिका घाइते भएको तथ्याङ्कमा उल्लेख रहेको छ ।

बढ्दो सवारीको संख्या, भित्री सडक खण्डमा तिब्र गतिमा गुड्ने सवारी साधन,मदिरा सेवन गरेर सवारी चलाउँदा दुर्घटना बढेको मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय बारा पथलैयाले जनाएको छ ।

## बारामा यस्ता छन् दुर्घटनाका प्रकृती

गतसाता आईतबार (पुष ३ गते) पूर्व पश्चिम राजमार्गको पथलैया-निजगढ सडक खण्डमा रोकीराखेको मालवाहक ट्रकमा ठोक्किएर २ जनाको घटनास्थलमै मृत्यु भयो भने १ जना गम्भिर घाईते भएका थिए ।

पूर्व पश्चिम राजमार्गको निजगढ सडकखण्डमा रोकिराखेको २-०३-००१ ख ४२२९ नं को मालवाहक ट्रकमा प्रदेश २-०३-००९ प ३९४३ नं को मोटरसाईकल ठोक्किएपछि त्यसमा सवार रौतहट गुजरा नगरपालिका ३, सिम्रीकाका २६ वर्षिय भुवन पहरी र २७ वर्षीय रीतबहादुर राईको घटनास्थलमा ज्यान गएको हो । त्यसैगरी पुष ४ गते पनि सोही सडकखण्डमा निजगढ नगरपालिका १, सिंगोलका स्थानिय समाजसेवी तथा एमाले नेता ४८ वर्षिय भोलाप्रसाद तिमिल्सिनाको ज्यान गयो ।

पुर्वतर्फ जादै गरेको ना. ६ ख २२६१ नं मालबाहक ट्रकमा विपरित दिशावाट आउदै गरेको ना.३४ प.८३३१ नं को मोटरसाईकल ठोक्किदा टाउकोमा गम्भिर चोट लागेका तिमिल्सिनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

गत साताको पहिलो र दोस्रो दिन एकै क्षेत्रमा भएका यि दुई दुर्घटना उदाहरण मात्रै हुन् । यसअघि अशोज २० गते विजयादशमीको भोलीपल्ट दशैको टिका लगाउन चितवन खैरहनीबाट अम्लेखगञ्ज स्थित मामाघर आमासँगै आएका सफल आचार्यको पथलैया-अम्लेखगञ्ज सडक खण्डको ३ नं पुलमा भएको दुर्घटनामा ज्यान गुमाए ।

सो दुर्घटनामा सफलकी आमा अम्बिका आचार्य सँगै १४ जनाले घटनास्थलमा र ४ जनाको उपचारको क्रममा ज्यान गएको थियो । अम्लेखगञ्ज-पथलैया र पथलैया देखि निजगढ सडक खण्डमा भएको यि दुर्घटना उदाहरण मात्रै हुन् । चालु आर्थिक वर्षको ५ महिनामा बारा जिल्लामा मात्रै ५७ जनाले दुर्घटनामा ज्यान गुमाएका छन् । अम्लेखगञ्जदेखि निजगढ सम्मको करिव ४० किलोमिटर सडकखण्ड पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको छ । बिग्रिएको कालोपत्रे र २ लेनको साँघुरो सडक खण्डमा २४ सै घन्टा पेट्रोलियम पदार्थ, ग्याँस बोकेका ट्यांकर र ठुला ठुला मालवाहक सवारी साधनको अत्याधिक चाप हुने गर्दछ ।

राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रहरी नायव उपरीक्षक लक्ष्मि भण्डारीले रातीमा जंगल क्षेत्रमा सडक बत्ती पनि नहुदाँ राजमार्गमा रोकी राखेका सवारी साधनहरुमा ठोक्किएर अत्यधिक दुर्घटनाको हुने गरेको बताए ।

यसअघि २०७५ माघ १२ गते पथलैया निजगढ सडक खण्डमा रोकी राखेको ट्याक्टरको टेलरसँग ठोक्किएको बाराका तत्कालिन सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक (एसपी) बलराम पोखरेलको भटनास्थलमै र प्रमुख जिल्ला अधिकारी गणेश भट्टराईको उपचारको क्रममा मृत्यु भएको थियो ।

यो बिचमा सयौ सर्वसाधारणले यो सडक खण्डमा दुर्घटनाको क्रममा अकालमै ज्यान गुमाईसकेका छन् । 'जंगल क्षेत्रमा सडकबत्ती नहुदाँ रातको समयमा तिब्र गतिमा अझ्र मादक पदार्थ सेवन गरेर हिडेका गाडीहरु बढी दुर्घटनामा परेका छन' प्रहरी नायव उपरीक्षक भण्डारीले भने ।

राजमार्ग ट्राफिक कार्यालयले दुर्घटनालाई न्युनिकरण गर्न पछिल्लो समय सार्वजनिक सवारी साधनका चालकहरुका मापसे गरे/नगरेको चेकजाँच गर्ने, ठाँउ ठाँउमा 'गति सिमीत' भनि उल्लेख गरिएका सचेतनामुलक बोर्डहरु राख्ने काम गरेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत सुर्य खड्काले सडक डिभिजन कार्यालयले बाटो नबनाउँदा असाध्यै समस्या भएको बताए । 'निकुञ्ज क्षेत्रभित्र सडकबत्ती राख्ने विषयमा अहिले त्यस्तो कार्यक्रम हामीसँग छैन् तर अगामी दिनमा यो विषयमा सरोकारवाला निकायसँग छलफल गर्न सकिन्छ तर तत्कालका लागि सडक कार्यलयले बिग्रेका ठाँउहरुमा मर्मतसम्भार गरिदिनुपर्छ' खड्काले भने ।

साँघुरो सडक खण्डमा मानविय दुर्घटनासँगै बेलाबेलामा वन्यजन्तुहरुको समेत ज्यान जाने गरेको छ । सडक डिभिजन कार्यालय हेटौडाका प्रमुख राजेशकुमार यादवले अमलेखगंज पथलैया सडकखण्डको २ र ३ नं पुल क्षेत्रमा मर्मत सम्भारको काम भईरहेको र बाँकी क्षेत्रमा बिग्रिएको कालोपत्रे कटानको काम गरिने बताएका छन् । 'अहिले केही भागमा मर्मत सम्भारको काम भईरहेको छ भने अम्लेखगञ्ज क्षेत्रमा ठेक्काको सुचना सार्वजनिक गरेर सम्झौताको काम बाँकी छ।

यस अवधिमा मधेस प्रदेशमा ट्राफिक प्रहरीले तीव्र रूपमा कारबाही सुरु गर्दा ५ महिनामै ८ करोड भन्दा बढी राजस्व सङ्कलन भएको छ । प्रदेशको आठ जिल्लामा ट्राफिक नियम उलङ्घन गरी चलेका सवारीसाधनलाई कारबाही गर्दा राजस्व सङ्कलनमा वृद्धि भएको हो । प्रदेश ट्राफिक कार्यालय पथलैयाले नियमबिपरित सञ्चालनमा रहेका सवारी साधनलाई कारबाही गर्दा ५ महिनाको अवधीमा ८ करोड ७० लाख ४५ हजार राजस्व सङ्कलन भएको जनाएको छ । त्यसै गरी यस अवधिमा मधेस प्रदेशको ८ वटै जिल्लामा ट्राफिक नियम विपरीत चलेका १ लाख, १९ हजार १ सय ७८ सवारीसाधन कारवाही गरिएको छ ।

# कतै फालाफाल त कतै सिचाईको आभाव

## रौतहटका किसानहरु चर्को रकम खर्चेर सिचाई गर्न बाध्य



विकास अग्रवाल
रौतहट, ११ पुस ।
पर्याप्त सिचाईको व्यवस्था नहुँदा रौतहटका किसानहरु चर्को मुल्य तिरेर बाझ्ो खेतमा सिचाई गर्न बाध्य भएका छन् । कृषि प्रधान देशको रुपमा चिनिएको मुलुकमा सरकारले कृषकहरुका लागि विभिन्न योजनाहरु ल्याएपनि किसानहरुको घरदैलोसम्म पुग्न नसक्दा उनीहरु अहिले चर्को मुल्य खर्च गरेर खेतमा सिचाई गर्न बाध्य भएका हुन् ।

किसानहरुलाई अहिले गहुँको बिउ रोप्न चटारो भईरहेको अवस्थामा सिचाई आभावका कारण कतिपय खेत अझै बाझ्ो रहेको छ भने केही किसानले साहुमहाजनसँग ऋण लिएर भएपनि चर्को रकम खर्चेर खेतमा सिचाई गर्नेमा व्यस्त देखिएका छन् । सिचाई आभावका कारण किसानहरुले चर्को रकम खर्चेर पप्पसेटबाट खेतमा सिचाई गर्दे आएका छन् ।

जिल्लाको हजारौं हेक्टर जग्गामा सिचाईको व्यवस्था पुग्न नसकेको सम्बन्धित कार्यालयहरुको तथ्याङ्कले देखाएको छ । ६५ हजार ७ सय हेक्टर कृषि क्षेत्र रहेको रौतहटमा जलस्रोत तथा सिचाई डिभिजन कार्यालय र वाग्मती सिचाई आयोजनाले झण्डै ३५ हजार हेक्टर क्षेत्रफलमा सिचाईको सुविधा पुरयाईएको दाबी गरेका छन् । सदरमुकाम गौरको उत्तरी क्षेत्रमा मात्र पर्याप्त सिचाई सेवा पुगेको भएपनि दक्षिणी भेगका किसानहरु वर्षेनी अकाशे पानीको भर पर्ने गरेका छन् ।

गहुँको बिउ छर्ने बेला भईसकेको अवस्थामा समयमै सिचाई नगर्दा खेत बाझ्ो रहने चिन्ता हुने राजदेवी नगरपालिका ३ का किसान रामदेव यादवले बताउँदै साहुसँग ऋण लिएर पनि पप्पसेटको माध्यमबाट खेतमा सिचाई गर्दे आएको बताए । छिमेकीहरुले चर्को रकम खर्चेर भएपनि पम्पसेटको माध्यमबाट सिचाई गर्दे आएकोले आफुपनि सोही अनुरुप कार्य गरेको किसान यादवले जिकिर गरे ।

चार लिटर डिजेलबाट पाँच घण्टामा एक बिध्धा खेतमा सिचाई हुने गरेको इशनाथ नगरपालिका औरैयाका कृषक बाबुलाल महतोले भने महिनामा तीन देखि चार पटक पम्पसेटबाट सिचाई गर्ने, महँगो रकममा मल खरिद गर्ने लगायतका विभिन्न समस्याका कारण बाली उब्जाएपछि हुने आम्दानीबाट गरिएको खर्च बराबर हुने भएकोले खेतीपाती गर्नुनै बेकार भएको देखिन्छ ।

बिजुली, डिजेल, पम्पसेट भाडा, ज्यालादारीको मजदुर लगायत थुप्रै समस्याको समाधान गर्दागर्दै अत्यधिक रकम खर्च हुने गरेको कारण सोचे जस्तो लगानी समेत उठन नसकेको गुनासो रौतहटेली किसानहरुको रहेको छ । किसानहरुका लागि संघ, प्रदेश र स्थानीय सरकारबाट आउने अनुदान रकम समेत हाकिमहरुले अनियमितता गर्दै आएकोले किसानहरु थप आर्थिक समस्याबाट पीडित देखिएका छन् । यता जलस्रोत तथा सिचाई डिभिजन कार्यालयले विभिन्न स साना नदी खोलाहरुको पानीलाई सदुपयोग गर्दे जिल्लाको उत्तरी भेगमा सिचाई सुविधा पुरयाएपछि त्यस भेगका किसानहरुका लागि भने वरदान साबित भएको छ ।

वर्षेनी अकाशे पानीको भर पर्दे आएका किसानहरु अहिले पर्याप्त पानीको सुविधा पाएपछी उनीहरु वरदान नै पाएको महसुस गरेका छन् । जिल्लाको दक्षिणी भेगमा सिचाईको पर्याप्त सुविधा पुगेपछि किसानहरुले उत्तरी भेगमा समेत यस्ता कार्यक्रम लागु गर्नुपर्ने अहिलेको मुख्य आवश्यकता रहेको बताएका छन् । स्थानीय विभिन्न नदी खोलाहरुको खेर गईरहेको पानीलाई जलश्रोत तथा सिचाई डिभिजन कार्यालयले किसानहरुलाई सिचाई गर्न आवश्यक पुर्वाधारको विकास गर्दे गाउँगाउँमा कुलो निमार्ण गरेपछी किसानहरुले पर्याप्त पानीको सुविधा पाएका छन् ।

सिचाई डिभिजन कार्यालयले बुनियाद सिचाई आयोजना, सुलभ अरुवा सिचाई आयोजना सञ्चालन गरेर किसानहरुको खेतसम्म सिचाईको व्यवस्था गरेको जलस्रोत तथा सिचाई डिभिजन कार्यालयका प्रमुख सुमन झाले बताए । यसवर्ष बुनियाद र अरुवा सिचाई आयोजनाबाट मात्र ९ सय हेक्टर खेती योग्य जग्गामा सिचाई सुविधा पुगेको उनले बताए । जिल्लाको दक्षिणी भेगमा समेत सिचाई व्यवस्था गर्न पर्याप्त खोलाहरु रहेपनि राजनीतिक हस्तक्षेप र विभिन्न विवादका कारण सम्बन्धित निकायले यस क्षेत्रमा बजेट विनियोजन गराउन नसकेको जिकिर समेत उक्त कार्यालयको रहेको छ ।

# संयुक्त सुरक्षाकर्मीद्धारा ठुलो परिमाणमा मदिरा बरामद

विकास अग्रवाल
रौतहट, ११ पुस ।
अवैध रुपले भारत लैजान खोजेको ठुलो परिमाणमा मदिरा आइतवार राती संयुक्त सुरक्षाकर्मीको टोलीले रौतहटबाट बरामद गरेको छ ।

विगत केही दिनयता रौतहटको विभिन्न नाकाबाट चोरी तस्करी बढेपछि सुरक्षाकर्मीले सीमानाकामा निगरानी बढाएको क्रममा राजदेवी नगरपालिका ९ ब्रम्हपुरीबाट शसस्त्र तथा नेपाल प्रहरीको संयुक्त टोलीले उक्त मदिरा बरामद गरेको हो ।

भारतबाट नेपाल भित्रिएको बिआर २९ एस ९४०४ नम्बर प्लेट भएको भारतीय बोलेरो गाडीमा मदिरा लोड गरी पुन भारत फर्किने क्रममा सुरक्षाकर्मीले बरामद गरेको जनाएको छ । शसस्त्र प्रहरीको बोर्डर आउट पोष्ट लक्ष्मीपुर वेलविछ्वाका शसस्त्र प्रहरी उपरीक्षक उमेश ढकाल र प्रहरी चौकीका सई किशोर ठाकुरको संयुक्त टोलीले एक सय १८ कार्टुन सौफी मदिरा बरामद गरेको जनाएको छ । सदरमुकाम गौर लगायत जिल्लाको विभिन्न नाकाबाट भन्सार छली निकाशी पैठारीमा तीव्रता आएको गुनासो बढन थालेपछि सुरक्षाकर्मीहरुले अहिले सीमा क्षेत्रमा निगरानी बढाएको छ ।

यता बरामद गरिएको मदिराको बजार मुल्य एक लाख २० हजार तथा मदिरा ओसारपोसारमा प्रयोग भएको सवारीको ५ लाख मुल्य गरी ६ लाख २० हजार रहेको शसस्त्र प्रहरी बल ११ नम्बर हेडक्वाटर रौतहटले जनाएको छ । बरामद मदिरा र गाडी आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालयमा दाखिला गरिएको समेत शसस्त्र प्रहरीले जनाएको छ ।



## सम्पादकीय

# पुष्पकमल : निमित्त नायक

दोश्रो आम निर्वाचन पछि सरकार बन्ने प्रक्रिया सुरु भएको छ । संघीय सरकारको नेतृत्व प्रतिनिधिसभामा तेश्रो दलको हैसियतमा रहेका माओवादी अध्यक्षले गरेका छन् । त्यसैगरी प्रदेशका सरकार पनि धमाधम गठन हुने प्रक्रियामा छन् । आगामी दुई साता भित्रमा केन्द्र तथा प्रदेशमा आम चुनाव पछिका सरकार बन्नेछन् ।

आम निर्वाचनमा कुनै पनि पार्टीको स्पष्ट बहुमत पाएका छैनन् । संघ र प्रदेश दुबैमा दलहरु आपसमा मिलेर सरकार गठन गर्नुपर्ने अवस्था छ । सरकार गठनको अहिलेको यो प्रक्रियाको वैधानिकता एक महिना पछि हुने छ । सरकार बनेको एक महिना भित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ ।

अहिले जुन रफ्तारमा सरकार गठनमा सहमति बनेको छ , त्योसँगै यस्तो सहमति बन्नमा कसकसको कस्तो भूमिका रहेको थियो भन्ने प्रश्नका उत्तरहरु आइसकेका छैनन् । पुष्पकमल दाहाल करिव २ वर्षदेखिको कांग्रेस नेतृत्वको सत्ता समिकरण भत्काउँदै एकाएक एमालेको बलमा पुगेका छन् ।र, एमाले अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक रणनीतिमा प्रधानमन्त्री बनेका छन् । ओलीको अधिनायकवादी शासन विरुद्ध बनेको समिकरण अहिले भत्किएको छ । सत्ता राजनीतिको मौसममा विगतका सबै आरोप प्रत्यारोप गौण बनेका छन् ।

प्रमुख राजनीतिक दलहरुबीच प्रनिनिधिसभामा तेश्रो स्थानमा रहेका पुष्पकमलाई प्रधानमन्त्री स्वीकार नगर्ने एक किसिमको मतैक्य थियो, शनिबारसम्म । एमाले अध्यक्ष ओली तथा कांग्रेस सभापति शेरबहादुर देउवाबीच आपसमा मिलेर सरकार गठन गर्नेसम्मका राजनीतिक अभ्यासहरु पर्दापछाडि भैरहेका थिए । नेपाली जनताले राजनीतिक दलहरुलाई दिएको अभिमत आफ्नो ठाउँमा छ । औपचारिक रुपमा जनताले दिएको राजनीतिक हैसियतकै प्रयोग हुने हो । तर, हाम्रो राजनीतिमा छिमेकीहरुले गहिरो चासोमात्र राखिराखेका छैनन्, सक्रिय हस्तक्षेप गरिरहेका छन् भन्ने कुरा भुल्न मिल्दैन ।

प्रमुख दुबै दलले पाखामा राख्ने रणनीति बनाएका पुष्पकमल दाहाल कसरी एमाले अध्यक्षका लागि स्वीकार्य भयो ? प्रश्न अहम् छ । कसरी ७ वटा दल दाहालको नेतृत्वमा सहमत भए ?धेरै प्रश्नहरुको उत्तर समयक्रममा खुल्दै जालान र प्रदेश सरकार गठनका क्रममा अहिलेको समिकरणका भित्रि कथा पनि सतहमा आउँदैजाने हुनसक्छ । संविधानको धारा ७६ (१) अर्न्तगतको सरकार बन्ने अवस्था थिएन नै। प्रतिनिधिसभाको कूल २ सय ७५ सिट छ । त्यसको न्यूनतम आधा अर्थात १ सय ३८ को हैसियत चाहिन्छ सरकार बनाउन ।

कसैको पनि एक्लै त्यस्तो संख्या छैन । त्यसैले ७६(२) अर्न्तगत दुई वा दुई भन्दा बढी दलको बहुमत प्रस्तुत गर्ने नेता प्रधानमन्त्री नियुक्त हुने हुने प्रावधान अभ्यासमा आएको हो । पुष्पकमल धारा ७६(२) अर्न्तगतका प्रधानमन्त्री हुन् ।

हुनसक्छ राष्ट्रपतिले तोकेको पुष १० को समयसिमा घट्किएको थियो भने धारा ७६(३) अर्न्तगतको सरकार बन्ने बाटो खुल्ने थियो । त्यो भनेको सबै भन्दा ठूलो दलले सरकार बनाउने । यस्तो अवस्थामा कांग्रेसको पक्ष बलियो थियो, सबै भन्दा ठूलो दलको नाताले । पुष्पकमललाई एमालेले स्वीकार गर्दैन भन्ने बुझाइकै कारण देउवा सायद धारा ७३(३)को प्रतिक्षामा थिए ।

यसो हुनुका पछाडि देउवा र ओलीबीच आपसमा मिल्ने तर पुष्पकमलाई स्वीकार नगर्ने आन्तरिक ‘सहमति ?’

प्रमुख कारण मानिन्छ ।आइतबार अपराह्न कांग्रेस एमाले आपसमा मिलेर सरकार गठन गर्ने राजनीतिक हिसावकिताव बालुवाटारमा भैरहेको थियो भने उता बालकोटमा त्यसको विपरितको अभ्यास । ओलीले यहाँ पुष्पकमलाई स्वीकार गर्ने र देउवालाई धोका दिने काम एकसाथ गरेका छन् ।

पृष्ठभूमिमा जेजस्ता अभ्यास र जो कोहीको भूमिका रहेको भएको भए पनि तत्कालका लागि सिंहदरबार सत्तामा पुष्पकमल हुनेछन् । तर, उनले बालकोटको मार्गनिर्देशन पछ्याउनुपर्ने हुन्छ । खासमा पुष्पकल निमित्त नायक बनेका छन् । सत्ता पुष्पकमलको, रिमोट ओलीको ।

राजनीति अभ्यासहरु फगत सत्ताका लागिमात्र हुनुहुँदैनथ्यो । मुलुक अहिले आर्थिक संकटबाट गुज्रिरहेको छ । एकातिर मौद्रिक तरलता, चर्को ब्याजदरको विरोधमा उद्यमी व्यवसायी सडक आन्दोलनमा उत्रिएको अवस्था छ । अर्को तर्फ आर्थिक वर्षको पहिलो पाँच महिनाको राजस्वले आन्तरिक खर्च धान्न नसक्ने वास्तविकता सामुन्ने आएका छन् ।

चुनाव पछि राजनीतिक कोर्स सुधारिने छ र आर्थिक समस्याहरुको समाधान हुँदै जानेछन् भन्ने विश्वासमा कुठाराघात त हुने होइन संशय पैदा भएको छ । सिंहदरबारमा बिराजमान भएर समाजवादी नारा र भाषणहरु राजनीतिक खपतका निम्ति उपयोगी हुनसक्छन् । तर, मुलुकको जर्जर आर्थिक अवस्थालाई कम्यूनिष्ट कलेवरको सरकारले त्राण दिनसक्ला ? प्रश्नहरु अनुत्तरित छन् ।

# बीसौं वर्ष पुराना बेरुजुको भारी बोकेर घिस्रिँदै आर्थिक प्रशासन

*बेरुजु बाहेक नेपाल सरकारले कारबाही गरी टुंगो लगाउनुपर्ने हालसम्मको रकम रु २ खर्ब ५७ अर्ब ५६ करोड रहेको छ यसमा ०७६।७७ सम्मको अध्यावधिक बाँकी बेरुजु रु ४ खर्ब १८ अर्ब ८५ करोड समेत जोड्दा सरकारले कारबाही गरी हिसाब टुंगो लगाउनुपर्ने रकम ६खर्ब ७६ अर्ब ४१ करोड पुगेको छ ।*



बेरुजु बाहेक नेपाल सरकारले कारबाही गरी टुंगो लगाउनुपर्ने हालसम्मको रकम रु २ खर्ब ५७ अर्ब ५६ करोड रहेको छ यसमा ०७६।७७ सम्मको अध्यावधिक बाँकी बेरुजु रु४ खर्ब १८ अर्ब ८५ करोड समेत जोड्दा सरकारले कारबाही गरी हिसाब टुंगो लगाउनुपर्ने रकम ६खर्ब ७६ अर्ब ४१ करोड पुगेको छ।

एकातिर वार्षिक रूपमा लेखापरीक्षण गर्नुपर्ने कारोबार अंक बढेसँगै लेखापरीक्षणबाट औंल्याउने कैफियत तथा बेरुजु रकम समेत बढ्दो प्रवृत्तिमा रहेको देखिन्छ भने अर्कोतिर लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गरी बेरुजु फछ्र्योट तथा सम्परीक्षणको अंक अपेक्षाकृत रूपमा बढ्न सकेको देखिदैन।

हरेक वर्ष बेरुजु थप हुने, उस्तै प्रकृतिका कैफियत तथा बेरुजु दोहोरिएर औंल्याउने लेखापरीक्षण प्रतिवेदन व्यहोरा कार्यान्वयन गरी बेरुजु फछ्र्योट तथा सम्परीक्षणमा समयमै पर्याप्त चासो नदेखाउने अवस्थाले मुलुकको समग्र वित्तीय व्यवहारमा आर्थिक अनुशासन, जवाफदेही र विधिको पालनाको अवस्था सकारात्मक बाटोमा गएको देखिदैन।

समग्र वित्तीय व्यवस्थापनमा लेखापरीक्षण एउटा महत्वपूर्ण अंगको रूपमा रहेको हुन्छ। आर्थिक कारोबारको लेखाको जाँच परीक्षण, विश्लेषण तथा मूल्यांकन गरी कानूनको पालना गरी आम्दानी खर्च भएको, तयार भएको वित्तीय विवरणले निकायको यथार्थ वित्तीय अवस्थाको चित्रण गरेको सुनिश्चित गरी प्रतिवेदन गर्ने कार्यलाई लेखापरीक्षण भनिन्छ।

सबै सरकारी, निजी, गैरसरकारी,नाफामूलक तथा गैरनाफामूलक संस्थाहरूको वित्तीय अवस्था यकिन गर्नको लागि लेखापरीक्षण गरिन्छ।सरकारी आर्थिक कारोबारहरू विनियोजन ऐन अनुसार खर्च गर्ने, राजस्व संकलन गर्ने, धरौटीकोकारोबार, आन्तरिक तथा बैदेशिक ऋणको हिसाब राख्ने, सरकारले गर्ने विभिन्न किसिमका ऋण तथा शेयर लगानी र विभिन्न कोषहरूको व्यवस्थापनसँग सम्बन्धित लेखालाई सरकारी लेखाको रूपमा बुझ्न सकिन्छ। यसरी हुने सरकारी कारोबारको लेखाको जाँच, परीक्षण गरी प्रतिवेदन गर्ने व्यवस्था सरकारी लेखापरीक्षण हो।

सरकारी लेखापरीक्षणको उद्देश्य आर्थिक कारोबारमा नियमितता, मितव्ययिता, कार्यदक्षता,प्रभावकारिता र औचित्य पुष्टि भए नभएको मूल्यांकन गर्नु, साधन स्रोतको परिचालनमा दक्षता कायम गरी सम्भावित नोक्सानी रोक्न मदत गर्ने, संगठनात्मक संरचना, नीति र प्रक्रियामा सुधार गर्न विकल्पहरू पहिल्याउन सुझाव दिने, सार्वजनिक जवाफदेही, पारदर्शिता, निष्ठा र सदाचार कायम गर्नउत्प्रेरित गर्नु, लक्ष्य र उपलब्धिबीच मूल्यांकन गर्न सूचना, तथ्यांक र जानकारी प्रदान गर्नु आदिरहेको हुन्छ।सरकारी लेखापरीक्षणलाई आन्तरिक र अन्तिम लेखापरीक्षणको रूपमा वर्गीकरण गरेर हेर्न सकिन्छ।

संरचना भित्रको आन्तरिक संयन्त्रबाट हुने लेखापरीक्षणलाई आन्तरिक लेखापरीक्षण भनिन्छ। संघीयतथा प्रदेश सरकारी कार्यालयहरूको आन्तरिक लेखापरीक्षण अर्थ मन्त्रालय मातहतको महालेखा नियन्त्रक कार्यालय मातहतका कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले गरेको छ।त्यसैगरी स्थानीय तहको सरकारी कार्यालयको आन्तरिक लेखापरीक्षण स्थानीय तहकै आन्तरिकलेखापरीक्षण शाखाबाट र यस्तो शाखा गठन नभएकोमा दर्तावाला लेखापरीक्षकलाई नियुक्ति गरेर लेखा परीक्षण हुने गरेको छ। केही स्थानीय तहहरूले जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरी आन्तरिक लेखा परीक्षण हुने गरेको छ।

आर्थिक कारोबारको लेखाको जाँच परीक्षण कार्यालय तथा निकायको आन्तरिक संरचना भन्दा बाहिरको स्वतन्त्र व्यक्ति तथा संस्थाबाट हुने व्यवस्थालाई अन्तिम तथा बाह्य लेखापरीक्षणको रूपमा लिइन्छ।संघ प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरूको अन्तिम लेखापरीक्षण गर्ने जिम्मेवारी नेपालको संविधान तथा लेखापरीक्षण ऐन २०७५ ले महालेखापरीक्षकलाई दिएको छ। त्यसैगरी सरकारको अधिकांश तथा पूर्ण स्वामित्वका संगठित संस्थाहरूको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था रहेको छ।महालेखापरीक्षकले नेपालको संविधान, लेखापरीक्षण मानदण्ड, लेखापरीक्षणका अन्तर्राष्ट्रिय अभ्यास,लेखापरीक्षण ऐन २०७५, लेखापरीक्षकहरूको आचारसंहिता, आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन २०७६ तथा अन्य प्रचलित कानूनहरूको आधारमा वित्तीय लेखापरीक्षण, पालनाको लेखापरीक्षण, कार्यमूलक लेखापरीक्षण र विशेष लेखापरीक्षण गर्दछ।

सरकारी लेखापरीक्षणलाई गुणस्तरीय र विश्वसनीय बनाइ प्रभावकारिता अभिवृद्धिका लागि रणनैतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुका साथै, लेखापरीक्षणमान, विभिन्न लेखापरीक्षण मार्गदर्शन तथा कार्यविधिहरू,सूचना प्रविधि प्रणाली विकास गरी कार्यान्वयनमा ल्याई लेखापरीक्षणमा संलग्न जनशक्तिको क्षमता विकासका कार्यहरू अगाडि बढेका छन्।नेपालको महालेखापरीक्षक सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन इन्टोशाईको सदस्य रहेको र यस संगठनबाट जारी भएका मानदण्ड, निर्देशिकाहरूलाई नेपालको सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा समेत अवलम्बन गरिएको छ। लेखापरीक्षण, प्रतिवेदन प्रणालीतथाप्रतिवेदनकार्यान्वयन तथा अनुगमन सम्बन्धमा अन्य मुलकका सर्वोच्च लेखापरीक्षण संस्थाहरूले गरेको असल अभ्यास समेतबाट सिकेर नेपालको लेखापरीक्षण प्रणालीमा आवश्यक सुधारका प्रयासहरू भएका छन्।

लेखापरीक्षणाका विभिन्न पक्षमा विभिन्न मुलुकहरूमा विविध किसिमको अभ्यास रहेको छ। त्यसैगरी लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका सम्बन्धमा समेत कुनै मुलुकमा प्रतिवेदन दिएपछि लेखापरीक्षकले अर्को वर्षको लेखापरीक्षणको अनुगमन गर्ने, कनै मुलुकमा लेखापरीक्षण व्यहोराहरूको लगत अभिलेखराखि व्यहोरा कार्यान्वयन तथा फछ्र्योट गर्ने, केही मुलुकमा बेरुजु तथा कैफियतलाई मुद्दाको रूपमा अदालत लैजाने र केही मुलुकमा बेरुजु उपर समयमा कारबाही नभए सर्वोच्च लेखापरीक्षण निकायले जरिवाना गर्ने जस्ता व्यवस्थाहरू रहेको देखिन्छ।

महालेखापरीक्षकले मुलुकभरका ५ हजारभन्दा बढी निकायहरूको विस्तृत लेखापरीक्षण गर्न सम्भव नहुनुका साथै आवश्यक समेत नहुने हुँदा जोखिममा आधारित लेखापरीक्षण विधि अवलम्बन गरेकोछ। यसअन्तर्गत लेखापरीक्षण गर्नुपर्ने सबै निकाया तथा कार्यालयहरूको सूचना संकलन गरी जोखिम मूल्यांकन गरेको आधारमा निकायहरूलाई उच्च, मध्यम र न्यून जोखिमका निकायहरू वर्गीकरण गरीउच्च जोखिम देखिएका निकायहरूको विस्तृत लेखापरीक्षण गर्ने गरी स्रोत साधन परिचालन हुनेगर्दछ।सरकारी कारोबारको लेखापरीक्षण गर्न महालेखापरीक्षकले लेखापरीक्षण योजना तर्जुमा गरी सोही आधारमा कार्यक्रम तय गरी स्थलगत रूपमा सूचना तथा प्रमाण संकलन गरेको आधारमा देखिएकाव्यहोराहरू समावेश गरी स्थलगत रूपमा नै प्रारम्भिक प्रतिवेदन जारी गर्दछ। उक्त प्रतिवेदनका व्यहोरामा कार्यालय तथा निकायहरूले ३५ दिन भित्र उपलब्ध गराउने जवाफ, प्रतिक्रिया र प्रमाणकोआधारमा अन्तिम प्रतिवेदन तयार गर्दछ। विभिन्न निकायहरूको अन्तिम प्रतिवेदनका उल्लेखनीयव्यहोराहरू समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्दछ। नेपालको संविधानको धारा २९४ बमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश हुने र संघीय संसदमा टेबल भई सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्था छ। त्यसैगरी प्रदेशको काम कारबाहीको अलग अलग प्रतिवेदनप्रदेश प्रमुख समक्ष पेश हुने र प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल हुन्छ। स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन सम्बन्धित पालिका प्रमुखलाई पठाउने र पालिकाको सभामा पेश भई छलफल हुने व्यवस्था छ।

> “कानुनले जिम्मेवारी दिए तापनि कार्यालय स्तरदेखि केन्द्रीयस्तरका निकायसँग बेरुजुको व्यवस्थित र अध्यावधिक लगत अभिलेख छैन। मुलुक संघीय संरचनामा गएसँगै कार्यालय तथा निकायहरू खारेज हुने गाभिने नयाँ खुल्ने क्रमले गर्दा बेरुजु रकम वेवारिस भएको छ । सम्पत्ति हस्तान्तरण हुने लिने तर बेरुजु कसैले जिम्मा नलिने प्रवृत्तिसँगै बेरुजु फछ्र्योटको काम आर्थिक प्रशासन शाखाको मात्र हो भन्ने आम मनोवृत्ति छ।

महालेखापरीक्षकको प्रतिवेदनका विषयवस्तुहरूको खाका लेखापरीक्षण ऐन, २०७५ ले व्यवस्थित गरेकोछ। प्रतिवेदनमा महालेखापरीक्षकले लेखापरीक्षण गरेका निकायहरूको विवरण, लेखापरीक्षण बेरुजुकोस्थिति, देखिएका प्रमुख व्यहोराहरू, लेखापरीक्षण बेरुजु फछ्र्योटका लागि भएका प्रयास र उपलब्धिहरू र लेखा तथा लेखापरीक्षणमा भविष्यमा गर्नुपर्ने सुधारहरू समेटिएको हुन्छ। लेखापरीक्षण प्रतिवेदनमा प्रमुख रूपमा आर्थिक कारोबारमा देखिएका कैफियत तथा सारभुत रूपमा नमिलेका व्यहोराहरूजसलाई बेरुजुको रूपमा उल्लेख गरेको हुन्छ।

प्रचलित कानूनबमोजिम पुर्याउनुपर्ने रीत नपुर्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरा लेखापरीक्षणद्वारा औंल्याइएको वा ठहर्याएको कारोबारलाई बेरुजुको रूपमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले परिभाषा गरेको छ।यसरी लेखापरीक्षणबाट औंल्याउने बेरुजुलाई सैद्धान्तिक र लगति गरी वर्गीकरण गरिएको छ।लेखापरीक्षणबाट कुनै रकम उल्लेख नगरी नीति, विधि, प्रक्रिया तथा कानुनमा आवश्यक सुधार गर्न सुझाइएको व्यहोरालाई सैद्धान्तिक बेरुजुमा राखिएको छ। त्यसैगरी लेखापरीक्षणबाट आर्थिक कारोबारमा देखिएका कैफियतहरूको लगत अभिलेख राखी असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने तथा पेश्की बाँकी भनि औंल्याएका व्यहोरालाई लगति बेरुजु भनिन्छ।

महालेखापरीक्षकले आर्थिक वर्ष २०७६। ७७ को संघ, प्रदेश तथा स्थानीय तहको ५४६२ निकायको काम कारबाहीको रु ५३ खर्ब २७ अर्ब ९१ करोड कारोबारको लेखापरीक्षण गरी वार्षिक प्रतिवेदन२०७८ मा रु १ खर्ब ४ अर्ब ३८ करोड बेरुजु औंल्याएको छ। उक्त बेरुजुमा रु २७ अर्ब १५ करोडअसुल गर्नुपर्ने, रु ६२ अर्ब २६ करोड नियमित गर्नुपर्ने र रु १४ अर्ब ९७ करोड म्याद बाँकी नभएको पेश्की बेरुजु रहेको छ। बेरुजु बाहेक नेपाल सरकारले कारबाही गरी टुंगो लगाउनुपर्ने हालसम्मको रकम रु २ खर्ब ५७ अर्ब ५६ करोड रहेको छ यसमा ०७६।७७ सम्मको अध्यावधिक बाँकी बेरुजु रु४ खर्ब १८ अर्ब ८५ करोड समेत जोड्दा सरकारले कारबाही गरी हिसाब टुंगो लगाउनुपर्ने रकम ६खर्ब ७६ अर्ब ४१ करोड पुगेको छ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले सरकारको सञ्चित कोषको वार्षिक आर्थिक विवरण, सरकारकोबजेट व्यवस्थापन, खर्च प्रणालीमा देखिएका कमजोरीहरू, लेखांकन तथा प्रतिवेदन प्रणालीको अवस्था,खरिद व्यवस्थापन, वैदेशिक सहायता परिचालन र व्यवस्थापन, राजस्व प्रशासन तथा लेखांकनव्यवस्था, आयोजना सञ्चालन र व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र परिचालन, आन्तरिकनियन्त्रण र लेखापरीक्षण प्रणाली, संघीयता कार्यान्वयन, सार्वजनिक सेवा प्रवाह आदि क्षेत्रमा सुधारकालागि सुझाव समावेश गरेको देखिन्छ।यसरी एकातिर वार्षिक रूपमा लेखापरीक्षण गर्नुपर्ने कारोबार अंक बढेसँगै लेखापरीक्षणबाट औंल्याउने कैफियत तथा बेरुजु रकम समेत बढ्दो प्रवृत्तिमा रहेको देखिन्छ भने अर्कोतिर लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गरी बेरुजु फछ्र्योट तथा सम्परीक्षणको अंक अपेक्षाकृत रूपमा बढ्न सकेको देखिदैन।

प्रत्येक वर्ष थप हुने बेरुजुभन्दा फछ्र्योट तथा सम्परीक्षण कम हुँदै जाँदा अध्यावधिक बेरुजुको अंकमा हरेक वर्ष वृद्धि हुने प्रवृत्ति देखिएको छ।यस वर्ष रु १ खर्ब ३ अर्ब ७६ करोड बेरुजु फछ्र्योट तथा सम्परीक्षण भएको छ भने रु १ खर्ब ४ अर्ब३८ करोड लेखापरीक्षण बेरुजु थप भएको छ। यसप्रकार हरेक वर्ष बेरुजु थप हुने, उस्तै प्रकृतिका कैफियत तथा बेरुजु दोहोरिएर औंल्याउने लेखापरीक्षण प्रतिवेदन व्यहोरा कार्यान्वयन गरी बेरुजु फछ्र्योट तथा सम्परीक्षणमा समयमै पर्याप्त चासो नदेखाउने अवस्थाले मुलुकको समग्र वित्तीय व्यवहारमा आर्थिक अनुशासन, जवाफदेही र विधिको पालनाको अवस्था सकारात्मक बाटोमा गएको देखिदैन।लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गर्न तथा लेखापरीक्षण बेरुजुउपर समयमै कारबाही गर्नलेखापरीक्षण ऐन २०७५, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली,२०७७ जस्ता कानुनी व्यवस्था, संसदीय समिति सार्वजनिक लेखा समिति, मुख्य सचिवको अध्यक्षतामा बेरुजु फछ्र्योट अनुगमन समिति, हरेक मन्त्रालय तथा निकायमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति जस्ता संरचनात्मक व्यवस्था गरिएको छ। बजेट व्यवस्थापन, राजस्व लेखांकन, खरिद प्रणाली,लेखांकन तथा प्रतिवेदन, लेखा परीक्षण प्रणालीमा सूचना प्रविधिको प्रयोग तथा कर्मचारीको क्षमता विकास जस्ता कार्यक्रम अगाडि सारिएको छ।

समग्र वित्तीय व्यवस्थापन प्रणालीमा नेपालको अवस्था मापनका लागि हाल तेस्रो पटक सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्यांकन गरी सोही अनुसार सुधार रणनीति तय गरिएको छ। त्यसैगरी हरेक वर्ष कारोबार अंकको निश्चित सीमाभन्दा बढी बेरुजु देखिने निकायलाई नकारात्मक सूचीमा राख्ने, निश्चित लक्ष निर्धारण गरी बेरुजु फछ्र्योट गर्ने, लक्ष अनुसार नभए कारबाही, भएमा पुरस्कार दिने जस्ता व्यवस्था

- बाँकी पृष्ठ ६ मा

गरिए तापनि बेरुजु न्यून हुन तथा लक्षित परिमाणमा बेरुजु फछ्र्योट हुन सकिरहेको छैन।भएका कानुनी व्यवस्थाको पालना तथा कानुनमा समसामयिक सुधार नहुनु, बेरुजु गर्ने तथा नगर्ने कर्मचारी बीचमा मूल्यांकनमा विभेद हुन नसक्नु, लेखापरीक्षणको लागि स्रेस्ता कागजात पेश नगर्ने पेश भएकोमा समेत पर्याप्त पुष्ट्याईं संलग्न नगर्ने, आर्थिक कारोबारमा संलग्न राजनैतिक पदाधिकारीलाई जिम्मेवार बनाउने व्यवस्था गर्न नसकिनु, लेखापालन तथा लेखापरीक्षणमा पर्याप्त र दक्ष जनशक्तिको अभाव रहनु, सुपरीवेक्षण तथा अनुगमन प्रभावकारी नहुनु, आन्तरिक लेखा परीक्षणतथा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नहुनु, अन्तिम लेखापरीक्षण समेत परम्परागत पद्धतिमा आधारित, प्रतिवेदनका व्यहोरामा विविधता आदि कारणबाट लेखापरीक्षण बेरुजु वर्षवर्षै बढ्दै गएको देखिन्छ।

बढ्दो बेरुजुले सरकारको समग्र वित्तीय व्यवस्थापन प्रणाली कमजोर देखिने, सरकार र यसका संयन्त्रप्रति जनविश्वासमा कमी आउने, राजनैतिक प्रणाली र नेतृत्वको आलोचना बढ्ने,


# बाली फेर्दै महोतरीका किसान

महोत्तरी, ११ पुस
बर्दिबास-९ पशुपतिनगर गोमस्ताटोलका ५५ वर्षीय भीमबहादुर आले मगरले पुसको जाडोमा पनि बारनघर (सुर्ती सुकाउने पक्कीघर) मा एकछिन पसेपछि खलखली पसिना आएको बिर्सेका छैन । आफ्नो बस्ती र छिमेकका बस्ती जहाँ हेरेपनि भर्जिनियाँ सुर्ती खेतीमात्र देखिने चार दशकअघिको कुरा अब स्मृतिमा मात्र रहेको उनी बताउछन ।"जुन गाउँबस्तीमा हेऱ्यो, बारनैबारन ! फाँटभरि सुर्तीका लहलहाउँदा बोट । अनि हिउँद लाग्यो की सुर्तीका पात टिप्ने, पात फट्टा (भाटा) गाँथ्ने, सुर्तीको पात गाँथिएको फट्टा बारनघरमा झुण्ड्याउने र सात दिनपछि फट्टा निकाल्ने चटारो हुन्थ्यो", लयमा हुने सुर्ती खेतीका काम सम्झँदै आले भन्छन, "देख्दादेख्दै जिल्लाको उत्तरी क्षेत्रका बस्तीपिच्छे देखिने बारनघर ढले, अब त सुर्ती खेतीको नामोनिसान देखिदैन ।" समूहमा गरिने त्यो कामको रमाइलो आलेलाई अझै सम्झना छ । आलेले बालापन सम्झेजस्तै करिब चार दशकअघिसम्म जिल्लाका उत्तरी क्षेत्रका हालका बर्दिबास, गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्रका करिब एक सयभन्दा बढी बस्तीको मुख्य खेती नै भर्जिनिया सुर्ती थियो । समयक्रममा जनकपुर चुरोट कारखाना धरासायी बन्दै गएसँगै बारनघरका लागि कोइला र दाउराको अभाव हुन थालेपछि घट्दै गएको यो खेतीको अहिले नामनिशान नै देखिँदैन । भर्जिनियाँ सुर्ती खेती सुकेपछि किसानले केही समय सुकाउन बारनघर नचाहिने नाटु सुर्ती रोजे । केही वर्षमै जनकपुर चुरोट कारखानाले सुर्ती लिन छाडेपछि किसानले बाध्य भएर यो खेती पनि छाड्न पऱ्यो । त्यसपछि उखुखेतीमा पसेका किसानको पछिल्ला केही वर्षयतादेखि यसप्रतिको आकर्षण पनि घट्दै गएको देखिँदैछ । जिल्लामा केही वर्षअघिसम्म करिब १८ हजार हेक्टरसम्म पुगेको उखुखेती यसपालि आइपुग्दा पाँच हजार हेक्टरको आसपासमा झरेको जिल्लाका स्थानीयतहको कृषि अभिलेखले देखाएको छ। अहिले उमेरले ७० टेकेका बर्दिबास-७ मनहरीपुरका किसान विन्देश्वर यादवले किसानी जीवनका थुप्रै उतारचढाव आफैँले भोगेका छन । पछिल्ला १५ वर्षयता नगद आर्जनका लागि तरकारी खेती सुरु गर्नुभएका यादवले समय समयमा मौसमको प्रतिकूलताले लतारे पनि अझै हरेस खाएका छैन । यसमै आफूलाई घोटी रहेका छ तर मौसमीय प्रतिकूलता र विभिन्न थरिका किराको प्रकोपले तरकारी खेतीको लागत बढ्दै गएपछि अब के गर्ने भन्ने चिन्ताले यादवलाई छोएको छ । सात बिघामध्ये तीन बिघा जग्गामा तरकारी खेती गर्दै आउनु एका यादवको जग्गामा अहिले आलु, कोवी, भाण्टा, खोर्सानी र लौका मुख्य तरकारी बाली हुन् । खेती गर्न थालिकन धान, मकै, कोदोसहितका अन्नबाली हुँदै सुर्ती, उखुजस्ता बाली भोगेर अहिले तरकारी बालीमा आइपुगेको यादवको अनुभव छ । अब पछिल्ला केही वर्षयता तरकारी खेतीमा लागत बढ्दै गएर प्रतिफल राम्रो आउन छाडेपछि अब के गर्ने भन्ने यादवमा चिन्ता बढेको छ । खासमा केही वर्षयता तरकारी बालीमा अत्यधिक किराको प्रकोप बढेको बताउने यादव अब त विषादीले पनि किरा चिन्न छाडेको बताउछन । "उ त्यहाँ कोवीको बोट हेर्नोस, कति थरीका औषधि (विषादि) छरी सके, केही टेरेको छैन", बारीका केही पात सुक्दै गएका कोवीका बोट देखाउँदै यादवले दिक्दार भावमा भने , "सल्लाह दिने कोही जेटी, जेटिए (कृषि प्राविधिक) पनि भेटिँदैनन् , के गर्ने होला ?" विषादी प्रयोग नगरी खेती हुन सक्दैन ? भन्ने जिज्ञासामा यादवले प्रयोगपछि बारीमा असरल्ल मिल्किएका विषादीका खोल देखाउँदै भने , "यी बिना त हामीकहाँ कोवी खेती गर्छु भनेर नसोचे हुन्छ ।"मौसमी तरकारीभन्दा बेमौसमी तरकारी बालीमा किरा र रोगको प्रकोप बढी हुने गरेको उनको अनुभव छ । "म यहीँ हुर्केको हुँ, १५/२० वर्षअघि बालीमा यस्ता रोग लाग्दैनथे, यी औषधि पनि थिए कि थिएनन् ? अहिले त यी थरीथरीका किरा र रोगले हतो हैरान नै पारेका छन् ।"

पहिले बालीभित्र दुबो, मोथे र बन्सोजस्ता झार एकपटक गोडेपछि रोपेका बिरुवा हलक्क बढ्ने गरेका सम्झदै विन्देश्वरले अचेल भने कैयन थरीका झार उम्रने र त्यसलाई मास्न औषधि नै प्रयोग गर्ने गरेको बताए ।
पहिले धान, मकै, कोदो, गहुँजस्ता परम्परागत अन्न बाली लगाउने गरेको सम्झदै पछिल्ला वर्षहरुमा क्रमशः समयमा पानी नपर्ने, कहिले कुसमयमै मुसलधार पानी पर्ने, लामो खडेरी पर्ने, शीतलहरको प्रकोप बढ्नेजस्ता समस्या बढेपछि सुर्ती खेती, उखु खेती हुँदै अहिले नगद आर्जनका लागि आफू तरकारी खेतीमा लागेको विन्देश्वरको भनाइ छ । पहिले महिना, नक्षत्रका आधारमा अनुमान गरेर बाली लगाउन गरिने तयारी पछिल्ला वर्षहरुमा मेल खान छाडेपछि खेती पनि बदलिँदै जानुपरेको उनको भनाइ छ । "हेर्नोस् न, असार १५ ताका मज्जाले पानी पर्छ भनेर धान रोप्ने रोपार खोजिन्थ्यो, त्यस्तै हुन्थ्यो पनि", यादवले आफू २०/२२ वर्षको तन्नेरी हुँदाका कुरा सम्झदै भने , "बर्खा लागेपछि पानी परी रहन्थ्यो, कुला चल्थे, त्यस्तो रोगब्याधी पनि लाग्दैनथ्यो, राम्रै अन्न भित्रिन्थ्यो", तर पछिल्ला १५/२० वर्षयता अनुकूल वर्षा नहुँदा कुलो चल्नु त परै जाओस् खानेपानीका इनार पनि सुक्दै गएर बर्सेनि रिङ (सुकेका इनार थप खनेर पक्की गोल थप्ने काम) हाल्नु परी रहेको उनको थप चिन्ता छ । यसको ठ्याक्कै कारण थाहा नभएपनि बस्ती बढ्दै गएर वन फाँडिनु, कलकारखाना बढ्नु र जताततै नदीहरुमा बालु ढुङ्गा निकाल्न ठूलठूला मसिन (उत्खननमा प्रयोग गरिने यान्त्रिक उपकरण) चल्न थालेपछि यस्तो भएको हुनसक्ने उहाँको अनुमान छ । जीवनका भोगाइका विभिन्न अनुभव सँगालेका पाका किसान आफूले देख्दादेख्दै ओरपरको परिवेश कुरुप हुँदै गएको भक्कानिँदै बताउँछन् ।
"न पहिलेका पानीका मूहान छन, न झिलमा पानी छ, न कतै अब दह बाँकी छन्, न हामीले देखेको वनजङ्गल छ", यादवकै खेतबारी नजिक जग्गा भएका बर्दिबास-९ पशुपतिनगरको शिरानटोलका ७५ वर्षीय जागेश्वर ठाकुर भन्छन, "यही ठाउँमा बुढो भइसकियो, तर फेरिएको परिवेशले यो उही ठाउँ हो कि होइन भन्ने भ्रम पो हुन्छ ।" ठाकुरजस्तै उनका समवयी छिमेकी नथुनी महतोको पनि चिन्ता छ । "हाम्रो खेतबारीमा कुलो ल्याइएका नदीमा साउन भदौमै कमिला हिँड्छन्, कहिले भने यसअघि कहिल्यै नब्यहोरिएको बाढी आएर खेतबारी काटेर बगर बनाउँछ", महतो भन्छन "बाबुबाजेले सुनाएका मौसम र पुराना खेतीपातीका कुरा मेल खान छाडे", महतोले दिक्दारिँदै अगाडि भने , "खै अझै के के देख्न बाँकी छ कोनि ?" पछिल्ला केही वर्षयता वन फाडिँदै गएपछि जङ्गली जन्तु नीलगाई, बँदेल, दुम्सी र बाँदर आतङ्कले पनि बालीनाली जोगाउन सकस परेको उनको थप गुनासो छ ।मनहरिपुरका विन्देश्वरजस्तै बर्दिबास-९ पशुपतिनगरका महेन्द्र महतो, जवाहर महतो, रामविनोद महतो र ब्रम्हदेव महतो पनि तरकारी खेतीमा जमेका किसान मानिन्छन । उमेरले ५० वर्ष नाघिसकेका उहाँहरु सबैको चिन्ता पनि विन्देश्वरको जस्तै छ। छिमेकको भङ्गाहा नगरपालिका-४ का ६० वर्षीय सत्यनारायण यादव, ५५ वर्षीय रामसागर यादव , ५२ वर्षीय चन्देश्वर यादव र ६५ वर्षीय रघु महरा पनि मौसमले साथ नदिँदा र लागतको कुराले बर्सेनिजसो खेती बदल्नु परेको बताउछन । जिल्लाका किसानले भोगेका यी समस्या विश्वव्यापी समस्या भएको विज्ञ बताउँछन् । महिना र नक्षत्रका आधारमा पहिले गरिने गरिएको मौसमको अड्कलबाजी अब मिल्न छाडेको वन वातावरण क्षेत्रमा काम गरेर लामो अनुभव सँगालेका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव बताउछन । विश्वव्यापीरुपले जलवायु परिवर्तनमा परेको असरले वर्षा, गर्मी, बाढी , पहिरोजस्ता प्रकोप र फरक खालका वनस्पति झार र वन्यजन्तुको फरक ठाउँमा चहलपहल बढेको उनको भनाइ छ। यसरी मौसममा परेको प्रभावअनुसार आफूलाई ढाल्दै जानुको तत्काल विकल्प नरहेको यादव बताउछन । "जलवायु परिवर्तनको विश्वव्यापी असर छ, हाम्रा गरिब बस्ती साधन, स्रोतको अभावमा यसबाट बढी प्रभावित छन", उनले भने , "गरिब किसानसम्म अब राज्यले यसअनुसारका सुविधा बढाएर अनुकूलन खेतीतर्फ अग्रसर गराउन सक्नुपर्छ ।" बालीनालीमा बढ्दो रसायनिक मलको निर्भरता र विषादीको बढ्दो प्रयोगलाई निरुत्तसाहित गरेर प्राङ्गारिक खेती प्रणालीमा किसानलाई फर्काउन अब ढिलाइ गर्न नहुने उनको भनाइ छ ।रासस

# पेश्की लिएका ठेकेदार १० महिनादेखि बेपत्ता

जाजरकोट, ११ पुस
सदरमुकाम दुनै-ल्यासीक्याप सडकखण्डको काम सम्झौता भएको दश महिना बितिसक्दा पनि सुरु हुन सकेको छैन । भेरी करिडोर अन्तर्गत पर्ने सडकखण्ड निर्माणका लागि २०७८ साल चैतमा सूर्या



श्रेया शान्तिदेवी जेभी निर्माण कम्पनीसँग सम्झौता भएपनि अझै काम सुरु नसकेको हो । नेपाल-चीनको सीमावर्ती क्षेत्र मोरिम्ला नेपाल हुँदै भारतको रुपैडिया जोड्ने महत्वपूर्ण रणनीतिक तथा व्यापारिक सडकखण्ड अन्तर्गतपर्ने यस खण्डको काम यथाशक्य रुजु गराउन कार्यालयले बारम्बार ताकेता गरेपनि निर्माण कम्पनीले अझै काम सुरु नगरेको सडक डिभिजिन कार्यालय चौहरजहारीका इञ्जिनियर दिलीप यादवले गुनासो गरे । "दुई पटक ठेक्का किन नतोड्ने व्यहोरा सहितको ताकेता पत्र काटिसकेका छौँ, एउटा पत्र गत मङ्गलबार सात दिनको समयसीमा राखेर काटिएको छ, यदि सात दिनभित्र सम्पर्कमा नआएर ठेक्का तोड्ने प्रक्रियामा जान्छौ", इञ्जिनियर यादवले भने । "सम्झौता भएलगत्तै काम सुरु गर्ने भनेर रु ५५ लाख पेश्की रकम रकमसमेत गइसकेको छ, ठेकेदारका कारण काममा ढिलासुस्ती भएको हो", उनले थपे । आयोजनामा कूल लागत रु १३ करोड ४१ लाख खर्च हुनेछ ।
सडकखण्ड दुनै-ल्यासीक्याप सडकखण्ड काइके,डोल्पोबुद्ध गाउँपालिका हुँदै नेपाल-चीन सिमामा पर्ने मोरिम्ला नाका पुग्नेछ । सडक डिभिजन कार्यालय चौहरजहारीलाई काइके गाउँपालिकाले काम छिटो सुरु गर्न भन्दै गत मङ्सिर २८ मा पत्र लेखेको छ। पत्रमा सम्झौता भएको महिनौँ वितिसक्दा पनि गाउँपालिका हुँदै उपल्लो डोल्पासम्म जोड्ने सडक बन्द भएको र आम नागरिकलाई आवतजावतमा समस्या भएको भन्दै निर्माण कम्पनीलाई तत्काल काम सुरु गराउन अनुरोध गरिएको थियो । सडक खण्डको काम सुरु नभएकै कारण काइके गाउँपालिकासहित उपल्लो डोल्पा पुग्ने सर्वसाधारणलाई धेरै सास्ती भएको काइके गाउँपालिकाका अध्यक्ष अङ्गत रानाले बताए ।

तत्कालै काम सुरु गर्छौं : निर्माण कम्पनी
श्रेया निर्माण कम्पनीका प्रतिनिधि भीम बोहोराले तत्काल काम सुरु गर्ने दाबी गरेका छन । सम्झौता भए लगत्तै काम सुरु गर्ने भनेर डोजर ल्याउन प्रयास गरेपनि बर्खामा खोलामा पानीको मात्रा बढेपछि डोजर पार गराउन नसक्दा काममा ढिलाइ भएको उनको जिकिर छ ।
"सडक निर्माण अवधि झण्डै तीन वर्ष छ", उनले भने , "अब एकवर्षभित्रै काम सम्पन्न गर्नेगरी पुस २० गतेभित्र काम सुरु गर्छौं ।"रासस

# निर्वतमान श्रममन्त्रीको दाबी : सेवा प्रवाहमा पारदर्शीता र सुशासनमा फड्को

काठमाडौँ, ११ पुस
निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले आफूले छोटो समयमा श्रमजीवी वर्गका पक्षमा काम गरेको दाबी गरेका छन । मन्त्रालयमा सोमवार आयोजित विदाइ कार्यक्रममा उनले सम्पूर्ण कर्मचारी वर्गलाई एक बनाएर आफूले छोटो अवधिमा परिणामुखी काम गर्न सफल भएको दाबी गरे । आन्तरिक रोजगारी सिर्जना, वैदेशिक रोजगारीको व्यवस्थापन, सामाजिक सुरक्षाको दायरा बिस्तार, प्रधानमन्त्री रोजगार कार्यक्रमलगायत विविध कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बेरोजगारी समस्या समाधान खोज्न आफ्नो ध्यान केन्द्रित भएको बताए । निवर्तमान मन्त्री कुँवरले गत असार १३ मा श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए । मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो छ महिनाको कार्य प्रगतिमा स्वदेशमा रोजगारी सिर्जना, वैदेशिक रोजगारी, सामाजिक सुरक्षा, व्यावसायिक सीप विकास तथा तालिम विस्तार र सेवा प्रवाहमा फड्को मारेको दाबी गरिएको छ । श्रम बजारमा प्रवेश गर्ने सम्पूर्ण जनशक्तिलाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउने उद्देश्यले उनीहरुको क्षमता विकास गरी व्यावसायिक सीप तथा तालिम प्रदान गर्ने कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ । बेलायतमा नेपाली स्वास्थ्य श्रमिकलाई रोजगारीका अवसर उपलब्ध गराउन गत भदौ ६ मा नेपाल र बेलायतबीच श्रम समझदारीपत्रमा हस्ताक्षर



भएको, रोमानियामा वैदेशिक रोजगारीमा जान चाहने नेपाली नागरिकले त्यहाँबाट रोजगार सम्झौता प्राप्त गरेपछि प्रवेशाज्ञा लिन भारत जानुपर्ने अवस्थालाई अन्त्यगरी अस्थायीरुपमा काठमाडौँमा रोमानियन मिसन स्थापना गरी सरलीकरण गरिएको उनले बताए । वैदेशिक रोजगार सम्बन्धी सेवालाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिका माध्यमबाट सेवा प्रवाह गरिएको, श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृतिको कामलाई पूर्णरुपमा अनलाइन प्रणालीमा आबद्ध गरिएको मन्त्रालयले जनाएको छ । यसबाट श्रम स्वीकृतिका लागि लामो लाइन लाग्नुपर्ने बाध्यताको अन्त्य भएको उनले बताए । भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलका साथै सातवटै प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति दिने कार्य अगाडि बढिरहेको प्रगति विवरणमा उल्लेख छ । अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कार्यविधि संशोधन गरी उनीहरुलाई सो प्रक्रियामा सहभागी गराइएको मन्त्रालयले जनाएको छ । वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन 'मार्सल टिम' तथा 'शीघ्र प्रत्युत्तर टोली' गठन तथा २४ घण्टा गुनासो सुन्ने गरी मन्त्रालयमा श्रम कल सेन्टर स्थापना गरिएको उनले बताए । मन्त्री कुँवरले आफूले छ महिनाका अवधिमा गरेका सुधारका प्रयासबाट मुलुकको समग्र रोजगारीमा सुधार आउने, वैदेशिक रोजगारको व्यवस्थापनमा सुधार, असल श्रम सम्बन्धको विकास, युवाले व्यावसायिक सीप तथा तालिमको विकास हुने दाबी गरे। सबै श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरामा आउने, मन्त्रालय मातहतका निकायले प्रदान गर्ने सेवा प्रवाह सरलता, सहजता, पारदर्शीतासँगै सुशासन प्रवर्द्धन हुने उनको विश्वास छ ।रासस

## प्रमुखमा दुईजनाको ...............



खाली गर्न दवादव दिएको तर गोईतले कोठा छोड्न नमानेपछि कर्मचारीहरुबीच हातहालाहालको स्थिति सृजना समेत भएको थियो ।
प्रदेश सरकार मातहत रहेको सो कार्यलयमा अहिलेसम्म प्रदेश सरकारले कर्मचारी खटन पटन तथा बजेट दिदैं आएको छ । सो कार्यलयमा संघको कुनै किसीमको हस्तक्षेप छैन । तर रकमी खेलमा गोईतलाई संघ सरकारले प्रदेशलाई पाखा लगाई सिधा गोईतलाई कार्यलय प्रमुखलाई पठाएपछि बिवाद शुरु भएको हो ।
प्रदेश सरकारले केही दिन अगाडि मदन रायलाई कार्यलय संचालन तथा आर्थीक कारोवार गर्ने अधिकार सहित प्रमुख बनाएर पठाएको देखिन्छ । कार्यलयको खाता संचालन समेत मदनको नामबाट संचालन भईसकेको अवस्था छ । तर गोईतले संघको पत्र ल्याएपनि रवाना पत्र लिएर आएका छैनन् । गोईतले आफ्नो नाममा खाता संचालन गर्न प्रदेश कार्यलयको कोलनीकामा पुग्दा प्रदेश सरकारको पत्र लिएर आएपछि मात्र खाता संचालन गर्न सकिने नियम छ । गोईतले वीरगंजका केही दलका व्यक्तिहरुको आश्रयमा गैरकानुनी रुपले कब्जा जमाएर बसेको सो कार्यलयका कर्मचारीहरुको भनाई रहेको छ। घ ट ना । बिवरण अनुसार तत्कालिन कार्यलय प्रमुख रुद्रनारायण दासको सरुवा पछि गोईतलाई कार्यलय प्रमुख बनाएर प्रदेश सरकारले भदौ महिनामा पठाएको थियो । तर संघ सरकारले गोईतलाई शहरी बिकास मान्त्रलयमा सरुवा गरेपछि अहिलेसम्म निमित्तको भरमा कार्यलय संचालन हुदैं आएको थियो ।
दुई हप्ता अगाडि मदनलाई प्रदेश सराकरले सबै अधिकारसहित कार्यलय प्रमुख बनाएर पठाएपछि १ हप्ता अगाडि संघले फेरी गोईतलाई काज फिर्ता गरेको छ । यस विषयमा गोईतसंग सोध्दा आफु अधिकारीक भएको बताए । प्रदेश सरकारभन्दा ठुलो संघ सरकारले आफुलाई कार्यलय प्रमुख बनाएर पठाएको बताए । कुनै हालतमा म क्वाटर खाली गर्दिन गोईतको भनाई छ । यस विषयमा मदन रायसंग सम्पर्क गर्दा आफु प्रदेश सरकारको कर्मचारी भएको प्रदेश सरकारले यहा पठाएको बताउँछन् । उनले आफू कार्यलय प्रमुख भएको दाबी गरे । बिवाद भएपछि आफले प्रदेश सरकारका सचिव कृष्णा मिश्रालाईलाई छिनोफानो गर्न लिखीत तथा मौखिक जानकारी गराएपछि मिश्राले तपाई नै सो कार्यलयको प्रमुख भएको बताएको उनको भनाई छ ।

# सायना प्रेस सुरक्षित र प्रभावकारी गर्भ निरोधक साधन

मधेशदृष्टि
जनकपुरधाम, पुस ११ ।
सायना प्रेस सुरक्षित र प्रभावकारी गर्भ निरोधक साधन रहेको दाबी गरिएको छ । सोमवार जनकपुरधाममा परिवार नियोजन संघ धनुषाद्वारा आयोजित संचारकर्मीसँगको साइना प्रेसको वकलात सम्बन्धी बैठकमा संघकी प्रशिक्षिका गीता यादवले यस्तो दाबी गरिन् । उनले गर्भ निरोधक साधनको रुपमा रहेका डिपोप्रोभेराभन्दा सहज र प्रभावकारी सुई रहेको बताईन । यो सुई सेवाग्राहीले आफैले समेत लगाउन सक्ने गरी बनाइएकोले सहज रहेको छ । अन्य गर्भनिरोधक सुई सिरिन्जले औषधि तानेर दिनुपर्छ तर सायना प्रेस सिरिञ्जमै औषधि रहेकाले जुनसुकै व्यक्तिले लगाउन सक्ने खालको रहेको जानकारी उनले दिईन ।
अन्य गर्भ निरोधक सुई मासुमा लगाउने प्रविधिको रहेको छ भने यो छालामुनि पेटको तल्लो भाग नाइटो मुनि लगाउन सक्नेछ । यो साधनले कुनै प्रकारको कमजोरी गर्दैन भने डिएमपीए सुई भएकाले महिनाबारी रोक्न सक्ने भएकाले शारिरीक कमजोरी र रक्तअल्पता हुनबाट समेत बनाउने गरेको छ । यो सुई अन्तिम महिनाबारीको पहिलो दिन/मिति (रक्तश्राव शुरु) मा लिन सकिनेछ । यो साधन प्रयोग गरेपछि तीन महिनासम्म गर्भ रहनबाट रोक्छन, प्रजनन उमेरका सबै महिला तथा किशोरीले प्रयोग गर्न सक्ने, प्रयोग गरेको २४ घण्टाभित्रै काम गर्दैछ र पाठेघर जाँच गरे बिना नै प्रयोग गर्न सक्ने र यौन सम्पर्कमा पनि कुनै प्रकारको असर गर्दैनन् । हाल यो सुई प्रयोगमा आएको छैन । नेपाल सरकार प्रयोगमा ल्याउन प्रयास शुरु नै गरेका छन । सो अन्तर्गत विभिन्न जिल्लामा सरोकारवालाहसँग अभिमुखिकरण शुरु गरेका छन । यो सुई शुरुमा धनुषा जिल्ला सहित नेपालका १० वटा जिल्लाबाट संचालन हुनेछ । तर कहिलेदेखि संचालन हुने निश्चित छैन । सो कार्यक्रममा परिवार नियोजन संघ धनुषाका सभापति प्रेम यादवले भने परिवार नियोजन संघको अवस्था निकै कमजोर रहेको दुखेसो पोखे । उनले भने २० वर्ष पहिला जति बजेट थियो, त्यो भन्दा पनि कम अहिले सरकारले गरिदिएको छ । जे भएपनि हामी काम गर्दै आएका छौं ।

## प्रचण्ड नेतृत्वमा ८ ..............................................

माओवादी, रास्वपा, राप्रपा, जसपा, नागरिक उन्मुक्ति र जनमतको समर्थ नप्राप्त छ ।
सरकारलाई समर्थन जनाएका जनता समाजवादी पार्टी (जसपा), नागरिक उन्मुक्ति पार्टी र राप्रपा नेपालले अहिलेसम्म सरकारमा जाने/नजानेमा अन्यौल छन् । जसपाले भोली बस्ने केन्द्रिय कमिटीको निर्णय पश्चात मात्रै सरकारमा जाने वा नजाने बारे निर्णय गर्नेछ । नागरिक उन्मुक्ति पार्टीले रेशम चौधरीको रिहाईलाई रिहाई गरे मात्रै सरकारमा जाने निर्णय गरिसकेका छन ।
राप्रपा नेपालले पनि सरकारमा जाने बारे अहिलेसम्म निर्णय गरेको छैन । पार्टी अध्यक्ष राजेन्द्र लिङदेनले सरकारलाई समर्थन चाहिएको थियो, हामीले दियौं अब जहाँसम्म सरकारमा जाने कुरा हो हामी पहिला अवस्था हेर्छौं त्यसपछि पार्टीको निर्णय अनुसार अघि बढनेछौं ।
नेपालको संविधान अनुसार प्रधानमन्त्रीसहित बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् गठनको प्रावधान भएकाले पछि १७ मन्त्री थप गर्ने प्रधानमन्त्री दाहाललाई सुविधा छ ।
प्रधानमन्त्री प्रचण्डलाई एमाले, रास्वपा, जसपा, राप्रपा, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी सहितका ७ दलको समर्थन रहेको छ । उनलाई ७ दल सहित १६९ सांसदको बहुमत छ ।
सरकार बनाउन बहुमतका लागि १३८ सीट चाहिएकोमा १६९ सांसदको समर्थन जुटाएका छन् । एमालेको ७८, माओवादीको ३२, राष्ट्रिय स्वतन्त्र पार्टीको २०, राष्ट्रिय प्रजातन्त्र पार्टीको १४, जसपाको १२, जनमत पार्टीको ६ र नागरिक उन्मुक्तिको ४ र स्वतन्त्र ३ जनाको समर्थन प्रधानमन्त्री प्रचण्डलाई रहेको छ ।

# श्रीरामजानकीको २६ औं साधारण सभा सम्पन्न

मधेशदृष्टि
जनकपुरधाम, पुस ११ ।
सिरहाको कर्जन्हा नगरपालिका बन्दिपुर उतरैनीमा एक कार्यक्रमको आयोजना गरि श्रीरामजानकी युवा कमिटीको छब्बीसौं साधारणसभा सम्पन्न गरेको हो ।
जनकपुरधाममा कार्यक्रम गर्दा सहभागितामा कमि रहने भएकोले धनुषा भन्दा बाहिर सिरहाको बन्दिपुरमा कार्यक्रम गर्नुपरेका क्लब पदाधिकारीले जानकारी बताएका थिए ।
श्रीरामजानकी युवा कमिटीका महासचिव अवध किसोर साहले बार्षिक आय व्यय प्रगति विवरण प्रस्तुत गरेका थिए ।
महासचिव साहले कार्यसमितिको बैठक ,न्या सदस्य भर्ना ,संस्थागत सामाजिक कार्यक्रम बृहत् सरसफाइ ,माता राजदेवी पुजाको बेलतोरी कार्यक्रम, विवाह पंचमी महोत्सव कार्यक्रम लगायतका सम्बन्धमा प्रगति विवरण प्रतिवेदन महासचिवले पेश गरेका थिए ।
युवा कमिटीका अध्यक्ष संजय कुमार साह्को अध्यक्षतामा भएको कार्यक्रममा युवा कमिटीका संस्थापक निर्देशन समिति सदस्य तथा समाज सेवि जेष्ठ नागरिक जोगि साहको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।
जो जहाँ भएपनी आफ्नो गाउँको क्लबलाई सदैब जिबितै राख्नको लागि सबैले आ-आफ्नो ठाउँ बाट सकारात्मक प्रगतिशिल भुमिका खेल्नु पर्नेछ भन्दै सोही क्लबका सस्थापक प्रमुख अतिथि जोगि साहले बताउनु भएको छ ।




कमिटीका अध्यक्ष संजय साहले समाजमा सकारात्मक सिर्जनात्मक बिकासमैत्री कार्यमा कमिटीको अहमभुमिका रहने कुरामा जोड दिदै आफ्नो ठाउमा भएका बेथिति र बिसंगतीलाई निर्मुल पार्ने उद्देश्यमा श्रीरामजानकी युवा कमिटी प्रतिबद्ध रहने कुरामा जोड दिइएका थिए ।
कार्यक्रममा युवा कमिटीका निर्देशक समितिका अध्यक्ष मनोज कुमार चौधरी ,कमिटीका पुर्व अध्यक्ष बिनोद कुमार साह,श्याम प्रशाद साह,गणेश साह लगायतकाले आ - आफ्नो मनतव्य राखेका थिए ।

## रेशमको रिहाईपछि ....

पनि सहभागी हुन्नौं ।' प्रवक्ता पण्डितले हालका प्रधानमन्त्री प्रचण्डले रेशम चौधरी लगायतको रिहाइका लागि पहल गर्ने आश्वासन दिएकाले पार्टीले समर्थन गरेको बताए ।पार्टीका संरक्षक रेशम चौधरीले आफ्ना पार्टीका सांसदहरुलाई सोमबार बिहान डिल्लीबजार कारागारमा छलफलका लागि बोलाएका थिए । उनले सरकारमा जान नहतारिन आग्रह गरेका थिए ।

## जसपा सरकारमा जाने .............................



दलको नेता सहमतिमा टुंगो लगाउने प्रयास हुन्छ, नभए पर्सी दलको नेताका लागि चुनाव हुन्छ ।'
बानेश्वरमा चलिरहेको नयाँ सत्ता गठबन्धनको बैठकमा जसपाका अध्यक्ष उपेन्द्र यादव ढिलो पुगेका छन् । गठबन्धनको बैठकपछि जसपाको कार्यकारिणीसहित संसदीय दलको बैठक बस्ने बताइएको छ । सोही बैठकबाट सबै विषयको टुंगो लगाइने बताइएको छ ।

## बीसौं वर्ष पुराना बेरुजुको भारी.................

विकास साझेदारसंस्थाबाट सोधभर्ना प्राप्तिमा समस्याका साथै थप सहयोग र सहकार्यमा कमी आउने, भ्रटाचार रअनियमिता मौलाएर जाने, मुलुकको विकास आयोजनाहरू अनियमितता र स्रोत साधनको अदक्षज्ञण्उपयोगको साधनको रूपमा देखिने, मुलुकको प्रतिष्ठा र छविमा आँच पुग्ने जस्ता असर र प्रभाव देखिन्छ।
आर्थिक कारोबारमा सानातिना त्रुटिहरू रहने, नियन्त्रण व्यवस्थामा कमजोरी रहने सामान्य बेरुजुहरूरहने संसारभरी नै हुन्छ। हरेक वर्ष लेखापरीक्षणबाट देखिएका कमजोरी, कैफियत तथा बेरुजुलाई सोही वर्ष भित्रै कारबाही गरी लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गरी बेरुजु राफसाफ, फरफारक,फछ्र्योट गर्नुपर्ने व्यवस्था कानुनले गरेतापनि त्यसो हुन सकिरहेको छैन र बीसौं वर्ष पुराना बेरुजुको भारी बोकेर नेपालको आर्थिक प्रशासन अगाडि बढेको देखिन्छ। लेखापरीक्षण प्रतिवेदनले औंल्याएको बेरुजु समयमा जवाफ प्रतिक्रिया दिएर, असुल उपर गरेर, नियमित गरेर, मिन्हा दिएर, नीति नियमतथा कार्यविधि तर्जुमा गरेर, सार्वजनिक लेखा समितिमा छलफल गरेर निणर्य भएर कार्यान्वयन तथा फछ्र्योट गर्न सकिने व्यवस्था छ ।
कानुनले जिम्मेवारी दिए तापनि कार्यालय स्तरदेखि केन्द्रीयस्तरका निकायसँग बेरुजुको व्यवस्थित र अध्यावधिक लगत अभिलेख छैन। मुलुक संघीय संरचनामा गएसँगै कार्यालय तथा निकायहरू खारेज हुने गाभिने नयाँ खुल्ने क्रमले गर्दा बेरुजु रकम वेवारिस भएको छ। सम्पत्ति हस्तान्तरण हुने लिने तर बेरुजु कसैले जिम्मा नलिने प्रवृत्तिसँगै बेरुजु फछ्र्योटको काम आर्थिक प्रशासन शाखाको मात्र हो भन्ने आम मनोवृत्ति छ। त्यसमाथि बेरुजु फछ्र्योट अनुगमन समिति प्रभावकारी नहुनु, बेरुजु फछ्र्योट समिति गठन नहुनु, सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको प्रतिवेदन समयमा छलफल भई टुंगोमा पुग्न नसक्नुजस्ता कारणहरूले लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन तथा बेरुजु फछ्र्योटमा अपेक्षित नतिजा आउन नसकेको हो।
लेखापरीक्षण तथा बेरुजु फछ्र्योटमा देखिने गरी सुधारका लागि कानुनी व्यवस्थाको पालनामा कडाइ,अस्पष्ट र अव्यवहारिक कानुनमा समयानुकुल परिमार्जन, लेखापालनमा आवश्यक र दक्ष जनशक्तिको व्यवस्थापन, लेखामानको पालना गरी वित्तीय विवरण तयारी, लेखापरीक्षण नगराउने सरकारी निकाय,संस्थान र स्थानीय तहको बजेट निकासा रोक्ने व्यवस्था गर्ने, सरकारको विभिन्न निकायमा छरिएररहेका एक आपसमा संवाद नगर्ने वित्त व्यवस्थापनका विभिन्न प्रणाली तथा सफ्टवेयरहरू बीचअन्तरआवद्धता, आन्तरिक लेखापरीक्षण र लेखापालनका कर्मचारी फरक बनाउने व्यवस्थाको शिघ्रकार्यान्वयन, आन्तरिक लेखापरीक्षक र अन्तिम लेखापरीक्षकको आचारसंहितामा समयानुकुल परिमार्जन र कार्यान्वयन, मन्त्रालय तथा निकायहरूमा आन्तरीक नियन्त्रण तथा लेखापरीक्षण समिति गठन, बेरुजुलाई कार्यसम्पादन मूल्यांकन तथा वृत्तिविकासको अवसरसँग आवद्ध गरी कार्यान्वयन,लेखापरीक्षणमानको पालना, लेखापरीक्षण पद्धतिमा सुधारगरी बेरुजुमा एकरूपता तथा बेरुजु तथाज्ञज्ञअनियमितताको स्पष्ट जिम्मेवारी खुलाइ प्रतिवेदन लेख्ने परिपाटी विकास, सूचना प्रविधिको प्रयोगगरी कागजरहित लेखापरीक्षण प्रणाली आत्मसात, महालेखापरीक्षकको कार्यालयको प्रदेशमा कार्यालयस्थापना जस्ता कार्य गरी लेखापरीक्षणमा अपेक्षित सुधार ल्याउन सकिने हुन्छ।
त्यसैगरी सूचना प्रविधिको प्रयोग गरी बेरुजुको लगत तथा अभिलेख, महालेखापरीक्षको कार्यालयमाबेरुजु सम्परीक्षणका लागि छुट्टै निर्देशनालय र स्थलगत रूपमा जाँदा पहिले सम्परीक्षणको लागि प्राथमिकता, कार्यालय निकाय खारेज वा गाभिँदा बेरुजुसमेतको निर्णय, बेरुजु फछ्र्योट अनुगमनसमितिको सक्रिय भूमिका, बेरुजु फछ्र्योट समिति गठन, सार्वजनिक लेखासमितिलाई आवश्यक स्रोतसाधन व्यवस्था गरी समयमै महालेखापरीक्षकको प्रतिवेदनमा छलफलको लागि सरकारको समन्वय,स्थानीय तहमा प्रतिवेदन कार्यान्वयन संरचना स्थापनाका लागि कानुनी व्यवस्था, लेखा उत्तरदायी अधिकृतबाट प्रभावकारी अनुगमन सुपरीवेक्षण आदि सुधारका कार्यहरू कार्ययोजनासहित अगाडि बढाउनु आवश्यक देखिन्छ।
(राष्ट्रिय योजना आयोगको नेपालमा लेखापरीक्षण र बेरुजु फछ्र्योटको स्थिति अध्ययन प्रतिवेदन २०७९ को एक अंश, श्रोतः आइएनएस-स्वतन्त्र समाचार)

# विद्यार्थी सङ्गठनहरू स्ववियु निर्वाचन गर्न सहमत, फागुन २८ गते निर्वाचनको मिति प्रस्ताव

काठमाडौं, ११ पुस
सबै विद्यार्थी सङ्गठन स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन गराउन सहमत भएका छन् । त्रिभुवन विश्वविद्यालयले सोमवार गरेको छलफलमा सबै विद्यार्थी सङ्गठन निर्धारित समयमा नै स्ववियु निर्वाचन गराउन सहमत भएका हुन् । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले स्ववियु निर्वाचन गराउने पक्षमा सबै विद्यार्थी सङ्गठनले सहमति जनाएकाले चाँडै नै मिति तोक्ने बताए ।
"स्ववियु निर्वाचन यो वर्ष जसरी नि गराउनुपर्छ भन्नेमा सबै विद्यार्थी सङ्गठनको जोड छ", उनले भने , "अब हामी विद्यार्थी कल्याण परिषद्को बैठक राखेर निर्वाचनको मिति त्रिवि कार्यकारी परिषद्मा पठाउँछौं ।"उनले चाँडै नै त्रिवि कार्यकारी परिषद्ले स्ववियु निर्वाचनको मिति तोक्ने बताए । त्रिविले स्ववियु निर्वाचनको




तयारीमा जुटिरहेको बेला सोमवार सबै विद्यार्थी सङ्गठनसँग छलफल गरेको हो । त्रिवि क्याम्पसमा विगत एक दशकदेखि स्ववियु निर्वाचन हुन सकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुन सकेको छैन । अनेरास्ववियुका अध्यक्ष सुनिता बरालले सबै सङ्गठन स्ववियु निर्वाचनमा एकमत रहेकाले निर्वाचनको मिति चाँडै तोक्ने त्रिविलाई आग्रह गरिएको बताउनुभयो । अनेरास्ववियु क्रान्तिकारीका अध्यक्ष पञ्चा सिंहले त्रिविले ल्याएको फागुन २८ गतेको प्रस्तावसँगै फागुन १४ र चैत १४ गते स्ववियु निर्वाचनको मितिमा छलफल भएको जानकारी दिए । "हामी सबै विद्यार्थी सङ्गठन निर्वाचन पक्षमा रहेका छौं," उनले भने , "त्रिविलाई तीनवटा मितिमध्ये जुन उपयुक्त हुन्छ । सोही मितिमा निर्वाचन घोषणा गर्न भनेको छौं ।"खेलकुद निर्देशनालयका निर्देशक अधिकारीले परीक्षा र भर्नालाई असर नपर्ने गरी फागुन २८ गते स्ववियु निर्वाचनको उपयुक्त मिति रहेकाले सोही मिति प्रस्ताव गरिएको बताए । बैठकका विभिन्न २० विद्यार्थी सङ्गठनका अध्यक्ष सहभागी भएका थिए । २०६५ साल चैत ६ गतेपछि एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो । त्यतिबेला देशभरि त्रिविका ६२ आङ्गिक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पस सहित उपत्यकामा नौवटा आङ्गिक र उपत्यकाबाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो । यस्तै उपत्यकाका १३ क्याम्पस र उपत्यकाबाहिर २३ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन । त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् । स्ववियु निर्वाचन २८ वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू गरिएको छ ।रासस

# गृह प्रशासन सुधारमा प्रभावकारिता-गृह मन्त्रालय

काठमाडौं, ११ पुस
गृह मन्त्रालयले गृह प्रशासन सुधार कार्ययोजना, २०७८ स्वीकृत गरी जिल्ला प्रशासन कार्यालयहरूको सूचकमा आधारित एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचाबमोजिम अनुगमन गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाएको छ । मन्त्रालयमा सोमवार आयोजित गृहमन्त्री निवर्तमान बालकृष्ण खाणको बिदाइ कार्यक्रममा मन्त्रालयले २८ वटा जिल्ला प्रशासन कार्यालयहरूको सूचकमा आधारित एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचाबमोजिम अनुगमन गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाएको जनाएको हो ।




मन्त्रालयले नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाबाट नागरिकता वितरणसम्बन्धी हालसम्म भएका निर्देशन/परिपत्रहरूको सँगालो तयार पारी प्रकाशन गर्नाका साथै लागूऔषध नियन्त्रण शाखाबाट लागूऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४ तर्जुमा गरी कार्यान्वयनमा समेत ल्याएको छ । सूचना प्रविधि शाखाबाट सिटिजन इन्फरमेसन म्यानेजमेन्ट सिस्टममार्फत नागरिकता वितरण कार्यालाई ७७ जिल्ला प्रशासन कार्यालय, ७० इलाका प्रशासन कार्यालय तथा तीन सीमा प्रशासन कार्यालयबाट वितरण हुने गरी विस्तार गरिएको छ ।
गुनासो व्यवस्थापन शाखाबाट आव ०७८/७९ मा गृह मन्त्रालय र अन्तर्गतका विभिन्न निकाय/पदाधिकारीहरूको विरुद्ध परेका कूल सात सय १३ उजुरीहरूमध्ये ८४.९ प्रतिशत फछ्र्यौट भएको मन्त्रालयले जनाएको छ । त्यसैगरी निवर्तमान गृहमन्त्री खाणको कार्यकालमा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट कार्य सञ्चालन अनुमति १६, ड्रोन उडान अनुमति सात, सेक्युरिटी क्लियरन्स छ, यात्रा अनुमतिपत्र ७६ (१८ भुटानी र ५८ तिब्बती), वाकीटकी अनुमति ३१, सङ्घसंस्था सात र गैरआवासीय पदमा/राजदूत नियुक्ति राय एवं सहमति ४३ वटा प्रदान गरिएको छ । मन्त्रालयले शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाबाट अफगानिस्तानबाट आठ सय ८९ जना नेपाली नागरिकको उद्धार गरी नेपाल ल्याइएको तथा विभिन्न दुर्घटना घाइते, बाढी तथा पहिराबाट प्रभावितहरूलाई उद्धार तथा राहत सामग्री ढुवानी गर्न नेपाली सेनाको हेलिकप्टरलाई एक सय ६७ पटक उडान अनुमति दिएको छ ।
पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयन भइरहेको र उपचार खर्च, राहत तथा आर्थिक सहायतासम्बन्धी मापदण्ड, २०७९ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनका लागि सबै जिल्ला प्रशासन कार्यालयहरूमा पठाइएको मन्त्रालयको भनाइ छ। "सीमा तथा अध्यागमन शाखाबाट निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति चार सय ३२ पटक, निषेधित क्षेत्रमा निःशुल्क पदयात्रा अनुमति २७ पटक, अन्तर्राष्ट्रिय सीमासम्बन्धी समन्वय ७७ पटक, तीन हजार एक सय ५३ विदेशी नागरिकहरूलाई कार्य सहमति र तीन सय ७० जना विदेशी नागरिकहरूलाई निष्कासन गरिएको छ", मन्त्रालयद्वारा सोमवार जारी कार्यप्रगति विवरणमा भनिएको छ ।रासस





डिसेम्बर २५, २०२२ मा काबुलमा एक गैरसरकारी संस्था (एनजीओ) बाट खाद्यान्न सहायता लिन अफगान ी पुरुषहरू लाइनमा उभिएका थिए। अफगानिस्तानमा तालिबान शासकहरूले सबै गैरसरकारी संस्थाहरूलाई महिला कर्मचारीहरूलाई काम गर्नबाट रोक्न आदेश दिएपछि धेरै विदेशी सहायता समूहहरूले डिसेम्बर २५ मा अफगानिस्तानमा आफ्नो अभियान स्थगन गर्ने घोषणा गरेका थिए। (फोटो साभार एएफपी)

# सुकीविरूद्धको मुद्दामा अन्तिम बहस

याङ्गुन, ११ पुस

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले जेलमा रहेकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीको रिहाइको माग गरेपछि म्यान्मारको अदालतले सोमबार बाँकी अन्तिम मुद्दाको सुनुवाई गर्ने अपेक्षा गरिएको छ।

सन् २०२१ को फेब्रुअरीमा सेनाले सुकीको सरकार अपदस्थ गरेपछि सुकी जेलमा रहँदै आएका छन । नोबेल पुरस्कार विजेता७७ वर्षीय सुकीलाई भ्रष्टाचारदेखि अवैध रूपमा वाकीटकी आयात गर्ने र सरकारी गोपनीयता सम्बन्धी ऐनको उल्लङ्घन गरेको १४ वटा अभियोगमा यसअघि नै दोषी ठहर गरिएको छ। अधिकारवादी समूहहरूले यो मुद्दालाई ढोंगको संज्ञा दिएका छन् र बुधबार संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले म्यान्मारको 'कू' पछिको अवस्थाबारे आफ्नो पहिलो प्रस्तावमा सुकीलाई रिहा गर्न जुन्तालाई आग्रह गरेको छ । सुरक्षा परिषद्का स्थायी सदस्य र जुन्टाका निकट सहयोगी चीन र रूसले उक्त शब्दावलीमा संशोधन पछि भिटो प्रयोग नगर्ने निर्णय गरेपछि यो प्रस्तावले सापेक्षिक परिषद् एकताको क्षणलाई चिह्नित गरेको छ ।सुकीको कानुनी टोली र जुन्ताका वकीलले भ्रष्टाचारका बाँकी पाँच वटा अभियोगमा सोमबार अन्तिम बहस गर्ने कार्यक्रम



रहेको स्रोतले जनाएको छ। "आजको बहसपछि फैसला सुनाइने छ," स्रोतले भन्यो, यद्यपि, फैसला सुनाइने मिति भने तय भइसकेको छैन । सुकीको यसअघिको मुद्दाको फैसला सामान्यतया अन्तिम बहसको केही दिनपछि आउने गरेको छ । भ्रष्टाचारको अभियोगमा बढीमा १५ वर्ष जेल सजाय हुने व्यवस्था छ । यसअघिका भ्रष्टाचारका मुद्दामा अदालतले सुकीलाई तीन वर्षको जेल सजाय सुनाइसकेको छ ।सुकीले हाल राजधानी न्यापितको एक घेराबन्दी गरिएको घरभित्र कैदीका रूपमा दिन विताउँदै आएका छन । उनको मुद्दा त्यही चलिरहेको छ र उनलाई घरका सदस्य उनका सहयोगी कर्मचारी र उनको कुकुर ताइचिडोलाई भेट्न बञ्चित गरिएको छ।'कू' पछि, उनी धेरै हदसम्म दृश्यबाट गायब भएका छन । यदाकदा आउने तस्बीरहरू जुन्ताप्रति बफादार सञ्चारमाध्यममार्फत आउने फोटोहरूमा मात्र सिमित छन् । केही स्थापित जातीय विद्रोही समूहहरूले सीमावर्ती क्षेत्रमा सेनासँग पुनः लडाईं सुरु गरेका छन्भने म्यानमारको अर्थतन्त्र धरासायी भएको छ ।सुकीको अहिंसाको कडा नीतिलाई बेवास्ता गर्ने दर्जनौं 'पिपुल्स डिफेन्स फोर्सेज'ले पनि जुन्तासँग लड्नका लागि उदय भएको र यसको प्रभावकारिताले सेनालाई आश्चर्यचकित पारेको विश्लेषकहरूले बताएका छन् ।तल्लो स्तरका जुन्ता अधिकारीहरू वा 'कू' विरोधी लडाकूहरूको लगभग दैनिक हत्याहरू भइरहेको छ । हत्या, अपहरण र पक्राउका विवरणहरू अस्पष्ट छन् र प्रतिशोधहरू प्रायः चाँडै पछ्याइन्छ ।विश्लेषकहरूका अनुसार जुन्ताले अर्को वर्ष हुने निर्वाचनको तयारी गरिरहेको छ र सुकीलाई नजरबन्दमा सजायको केही समय बिताउन अनुमति दिन सक्छ ।सन् २०२० को चुनावमा सुकीको नेसनल लिग फर डेमोक्रेसी पार्टीले जितेको चुनावमा व्यापक धाँधली भएको आरोप लगाउँदै सेनाले सुकीलाई अपदस्थ गरी आफूप्रति बफादार नेतृत्वमा सत्ताको बागडोर सम्हालेको थियो । स्थानीय निगरानी समूहका अनुसार असहमतिविरुद्ध सेनाले गरेको कारबाहीमा दुई हजार ६०० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।अधिकारवादी समूहहरूले सेनामाथि गैरन्यायिक हत्या गरेको र सर्वसाधारणमाथि हवाई आक्रमण गरेको आरोप लगाउँदै आएका छन् । पछिल्लो पटक जुन्ता सरकारले जारी गरेको रिपोर्टमा मृत्यु हुनेको सङ्ख्या चार हजारभन्दा बढी पुगेको छ । (रासस/सिन्ह्वा)

# विराटनगरलाई हराउँदै ५ विकेटले जनकपुर विजयी



मधेशदृष्टि
जनकपुरधाम, पुस ११ ।

विराटनगरलाई ५ विकेटले हराउँदै जनकपुरले जारी नेपाल टी-२० लिगमा दोश्रो रोमाञ्चक जित निकालेको छ । त्रिवि क्रिकेट मैदानमा सोमबार सम्पन्न दोस्रो खेलमा विराटनगरले दिएको १४१ रनको लक्ष्य जनकपुरले चादविक वाल्टनको उत्कृष्ट ब्याटिङमा निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै पुरा गर्यो ।

१४ ओभरको समाप्तिमा ७०/४ को अवस्थामा रहेको जनकपुरको इनिङ उकासेका वाल्टनले सानदार जित दिलाए । उनले ५५ बलमा ५ चौका र ६ छक्कासहित अविजित ६९ रनको इनिङ खेलेका थिए ।

कप्तान ट्रेभोन ग्रिफ्तले २१ बलमा ३ चौका र १ छक्कासहित २५ रन, सरार्फुदिन असरर्फ २३ रन जोडे । विराटनगरको बलिङमा हुसेन टलत, नन्दन यादव, रजिन ढकालले समान एक विकेट लिए ।

यसअघि, टस जितेर ब्याटिङ थालेको विराटनगर एक बल बाँकी रहँदा अलआउट हुँदै १४० रनको योगफल तयार गरेको थियो । बिराटनगरको ब्याटिङमा ओपनर अर्जुन साउद १८ रन जोडेर पभेलियन फर्कँदा अर्का ओपनर गौरान्सु शर्मा गोल्डेन डक आउट भएका थिए ।

रोहित पौडेलले २९ बलमा ३ चौका र एक छक्कासहित ३२ रन योगदान गर्दा, सिकन्दर राजाले १८ बलमा २ चौका र ४ छक्कासहित ३८ रन जोडेर पभेलियन फर्किएका थिए । ललित नाराण्ढा राजवंशीको बलमा बोल्ड आउट हुनुअघि हुसेन टलतले १८ बलमा ४ चौकासहित २८ रन बनाए । त्यसबाहेक विवेक यादवले १० रन जोड्दा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । जनकपुरका लागि बलिङमा ललितले उत्कृष्ट प्रदर्शन गरे । उनले ४ ओभरमा १ मेडनसहित ८ रन खर्चेर ५ विकेट लिए ।

केस्रिक विलियम्स र मोहमद आदिल आलमले २ विकेट लिँदा सोमपाल कामीले एक विकेट लिए । पहिलो खेलमा बिराटनगर लुम्बिनी अलस्टार्ससँग २ रनले पराजित भएको थियो । भने जनकपुरले पोखरा एभेन्जर्सलाई ५ विकेटले पराजित गरेको थियो । जनकपुरले अर्को खेलमा मंगलबार काडमाडौं नाइट्ससँग खेल्नेछ । भने, विराटनगरले बुधबार पोखरासँग खेल्नेछ ।

# पुरुष भलिबल : नेपाल चौँथो स्थानमा



काठमाडौँ, ११ पुस

बङ्गलादेशमा भएको काभा २३ वर्षमुनि (यु-२३) अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा नेपाल जितविहीन रहदैं चौँथो स्थानमा रहेको छ । बङ्गलादेशको ढाकामा सोमवार तेस्रो स्थानका लागि भएको खेलमा श्रीलङ्काले नेपाललाई ३-२ को सेटमा पराजित गरेपछि नेपाल चौँथो स्थानमा रहेको हो । खेलको पहिलो सेट २५-२२ ले गुमाएको नेपाल दोस्रो सेटमा भने विजयी भयो । नेपालले श्रीलङ्कामाथि दोस्रो सेट २५-१९ ले जित्यो । त्यस्तै खेलको तेस्रो सेट श्रीलङ्काले २५-१९ ले जित्यो भने खेलको चौँथो सेटमा नेपाल विजयी भयो । नेपाल २५-२० ले जिते पनि त्यसपछिको सेटमा पराजित भयो । खेलको अन्तिम सेट श्रीलङ्काले १५-१० ले आफनो पक्षमा पारेपछि श्रीलङ्काको जित पक्का भयो । यसजितसँगै श्रीलङ्का भने तेस्रो स्थानमा रहेको छ । च्याम्पियनसिपमा आयोजक बङ्गलादेशसँगै नेपाल, श्रीलङ्का र किर्गिस्तान गरी चार टोलीको सहभागिता रहेको थियो । सोमवारनै हुने फाइनल खेलमा आयोजक बङ्गलादेश र किर्गिस्तान भिड्नेछन् ।
रासस

# चीनमा १६ देखि २४ वर्ष उमेर समूहका दुई करोड मानिस बेरोजगार

बेइजिङ, ११ पुस

हाल चीनमा १६ देखि २४ वर्ष उमेर समूहका करिब दुई करोड मानिस कामविहीन रहेका चीनको आधिकारिक तथ्याङ्कमा आधारित सीएनएनको अध्ययनले देखाएको छ।

आधिकारिक तथ्याङ्कअनुसार सहरी युवाको जनसङ्ख्या १० करोड ७० लाख रहेको छ । तथ्याङ्कले ग्रामीण बेरोजगारीलाई समावेश नगरेको बताइएको छ । द हङकङ पोस्टका अनुसार चीनमा युवा बेरोजगारी दर यो वर्ष नयाँ उचाइमा पुगेको छ।

सन् २०२२ को मार्चमा १५.३ प्रतिशत बेरोजगार दर रहेकोमा अप्रिलमा बढेर १८.२ प्रतिशत पुगेको छ । त्यसपछिका केही महिनासम्म यो निरन्तर उकालो लाग्दै जुलाईमा १९.९ प्रतिशत पुगेको हो ।अगष्टमा यो दर केही घटेर १८.७ प्रतिशतमा झरेको छ, तर अझै पनि अहिलेसम्मकै उच्चतम विन्दुमा रहेको राष्ट्रिय तथ्याङ्क विभागको तथ्याङ्कले देखाएको छ । कोभिड-१९ का कारण हुन सक्ने गम्भीर बेरोजगारीका कारण पाँचमध्ये एक जना सक्षम चिनियाँले रोजगारी गुमाएका रिपोर्टमा उल्लेख छ ।कोभिड-१९ तथा रूस युक्रेन युद्धका कारण विश्वव्यापी प्रभाब चीनले पनि व्यहोरेको कारण आर्थिक मन्दीको सामना गर्नुपरेको र यसका कारण कम्पनीहरूले आफ्ना कर्मचारीहरूलाई कटौती गर्ने नीतिका कारण बेरोजगारी दरमा वृद्धि भएको हो । विश्वको सबैभन्दा ठूलो स्मार्टफोन निर्माता कम्पनी शाओमीले पनि आफ्ना कर्मचारीलाई कटौती गरिरहेको छ। हालै, शाओमीका प्रवक्ताले सीएनएनलाई बताएअनुसार शाओमीले 'नियमित कर्मचारी अनुकूलन र संगठनात्मक सुव्यवस्थापन' अभियान सञ्चालन गरेको थियो । यो कदमले कम्पनीको १० प्रतिशतभन्दा कम कर्मचारीलाई मात्र असर गरेको उनले बताए। "चिनियाँ सरकारी सञ्चारमाध्यमले भने शाओमीले आफ्नो स्मार्टफोन र इन्टरनेट व्यवसाय एकाइलगायत विभिन्न विभागमा हजारौं कर्मचारी कटौती गर्ने जानकारी



दिएका छन्," द हङकङ पोस्टले लेखेको छ । वित्तीय दस्तावेजका अनुसार शाओमीले सन् २०२२ को पहिलो नौ महिनामा करिब एक हजार ९००कर्मचारी कटौती गरेको छ । सेप्टेम्बरको अन्त्यसम्ममा कम्पनीमा लगभग ३५ हजार पूर्णकालिक कर्मचारीहरू थिए, जसमध्ये अधिकांश चीनमा आधारित थिए ।चीनको शून्य-कोभिड प्रतिबन्धको प्रतिकूल प्रभावका कारण कम्पनीको राजस्व १० प्रतिशतभन्दा बढीले घटेको छ। सीएनएनको रिपोर्टमा भनिएको छ, "चीनको शिक्षा मन्त्रालयले गत महिना ११.६ मिलियन कलेज स्नातकहरू रोजगार बजारमा प्रवेश गर्ने बताए अनुसार अर्को वर्ष स्थिति अझ खराब हुन सक्नेछ ।"वासिङ्टन डिसीस्थित जेम्सटाउन फाउन्डेसनका सिनियर फेलो विली लामलाई उद्धृत गर्दै हङकङ पोस्टले लेखेको छ, "निश्चित रूपमा, यो चार दशकभन्दा बढी समयको अवधिमा युवाहरूका लागि चीनको सबैभन्दा खराब रोजगारी सङ्कट हो । व्यापक बेरोजगारी यहाँको कम्युनिस्ट पार्टीका लागि ठूलो चुनौती भएको छ ।"संयुक्त राष्ट्रसङ्घले हालै सार्वजनिक गरेको प्रक्षेपणअनुसार सन् २०३० को दशकमा १५ देखि ६४ वर्ष उमेर समूहका रूपमा परिभाषित गरिएको चीनको कामकाजी उमेरको जनसङ्ख्या तीव्र गतिमा घट्न थाल्नेछ र यो शताब्दीको अन्त्यसम्ममा ६० प्रतिशतभन्दा बढीले घटेर ३७ करोड ८० लाखमा झर्नेछ। सन् २०१४ मा ९९ करोड ७० लाख रहेको काम गर्ने उमेरको जनसङ्ख्या सन् २०२१ मा घटेर ९८ करोड ६० लाखमा झरेको छ। (रासस/एएनआई )

# फिलिपिन्समा बाढीका कारण दर्शौं हजार विस्थापित

फिलिपिन्स, ११ पुस

फिलिपिन्समा क्रिसमसको दिन आएको बाढीका कारण करिब ४६ हजार मानिसलाई घरबाट विस्थापित भएको नागरिक सुरक्षा अधिकारीहरूले सोमबार बताएका छन् । देशको दक्षिणी र पूर्वी क्षेत्रमा एक साताको भारी मौसमी वर्षाका कारण आठ जनाको मृत्यु हुनुका साथै अन्य १९ जना बेपत्ता भएका छन् । क्याथोलिक धर्मावलम्बीको बाहुल्यता रहेको यस देशको सबैभन्दा महत्वपूर्ण चाडको अवसरमा मनाइने उत्सवमा आइतबार आएको बाढीले क्षति पुऱ्याएको छ । "शनिबार र आइतबार व्यापाक बर्षाका कारण केही क्षेत्रमा पानी करिब चार फिटसम्म जम्मा भएको छ तर सोमबार वर्षा रोकिएको छ," गिङ्गोग शहरबाट नागरिक सुरक्षाकर्मी रोबिन्सन लाक्रेले फोनमार्फत् एएफपीसँग बताए । सामुद्रिक सुरक्षा गार्डले दक्षिणी शहर ओजामीज र नजिकैको क्लारिन शहरका दुई दर्जनभन्दा बढी परिवारका सदस्यलाई उद्धार गरेको जनाएको छ ।सामुद्रिक सुरक्षागार्डले सार्वजनिक गरेको तस्बिरमा उद्धारकर्ताले रातको समयमा बालबालिकालाई घरहरूबाट उद्धार गरी कम्मरसम्म डुबेको अवस्थामा बाढीको पानी पार गरिरहेको देखिएको छ। नजिकैको दक्षिणी शहर जिमेनेज र टुडेलामा डुबेर तीन जना र एक अन्य गरी चार जनाको मृत्यु भएको छ ।सुरक्षा गार्डका अनुसार तीव्र हावाहुरी र ठूलो छालका कारण क्रिसमसको दिन मध्य टापु लेटेको तटमा माछा मार्ने एउटा डुङ्गा डुबेको थियो । चालक दलका दुई सदस्यको मृत्यु भएको छ भने अन्य छ जनाको उद्धार गरिएको छ ।पूर्वी शहर लिब्मानन र तिनामबाकमा क्रिसमसको केही दिनअघि आएको बाढीका कारण एक बालिकासहित अन्य दुई जनाको डुबेर मृत्यु भएको नागरिक सुरक्षा कार्यालयले जनाएको छ ।उन्नाइस जना हराइरहेका छन्, जसमध्ये अधिकांश देशको प्रशान्त महासागरीय तटका निर्वाहमुखी मछुवाहरू हुन् । उनीहरू क्रिसमसको केही दिन अघि कठिन सङ्घर्षका बावजुद समुद्रमा डुबेका थिए ।११ करोड जनसङ्ख्या भएको यो विपत्तिग्रस्त राष्ट्रले क्रिसमसको लामो बिदाको तयारी गरिरहँदा मौसम खराब भएको थियो ।क्रिशमसका समय लाखौं मानिसहरू पारिवारिक पुनः मिलनको लागि आफ्नो गृहनगरमा आउने गर्छन् ।फिलिपिन्स जलवायु परिवर्तनको प्रभावको हिसाबले सबैभन्दा जोखिमयुक्त राष्ट्रहरूमध्ये एकमा पर्दछ ।वैज्ञानिकहरूले संसारभरि तापक्रम बढ्दै जाँदा आँधीबेहरी अझ शक्तिशाली हुँदै गएको चेतावनी दिएका छन् । (रासस/सिन्ह्वा)

# सामुदायिक विद्यालयको सुधारका लागि महानगरपालिका एक्सनमा



मधेशदृष्टि
वीरगञ्ज ११ पुस ।
वीरगञ्ज महानगरपालिका भित्रका सामुदायिक विद्यालयको शैक्षिक अवस्था दिन प्रति दिन ओरोलो लाग्दै गएपछि त्यसलाई सुधार गर्न महानगरपालिकाले अनुगमन तथा कारवाही प्रक्रियालाई एक साथ अगाडी बढाएको छ ।

बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह आफैँ सामुदायिक विद्यालयको अनुगमनमा पुगेर विद्यालयका अवस्थाका बारेमा विद्यार्थी, अभिभावक, शिक्षकसँग बुझ्ने तथा दोषी भेटिने शिक्षकलाई कारवाही समेत गर्न थालेका छन । सोमवार नगर प्रमुख सिंहले बीरगंजको घण्टाघर नजिकै रहेको नेपाल रेल्वे मा.वि.मा पुगेर छडके अनुगमन गरेका छन ।

महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मी प्रसाद पौडेल, महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्ण सहितको टोलीले अनुगमन गर्दा विद्यार्थीहरुले नगर प्रमुख सँग विषयगत शिक्षक नहुँदा पठन पाठनमा समस्या भएको, निःशुल्क भनिएपनि विद्यालयले परीक्षा शुल्क लिने गरेको, शिक्षक समयभन्दा ढिला आएर समय सकिनु भन्दा अघि नै निस्केर जाने गरेकाले पढाईमा असर परेको गुनासो गरेका थिए । विद्यार्थीहरुले विद्यालयको झ्याल ढोका, शौचालय ठिक नभएको, शिक्षकहरु मोवाईलमा कुरा गर्ने गरेको, अझै कक्षा ८ का विद्यार्थीले पाठय पुस्तक नपाएको, विद्यालयमा छात्राहरुलाई प्याड उपलब्ध नभएको लगायतका गुनासो गरेका थिए ।

विद्यार्थीको गुनासो पछि नगर प्रमुख सिंहले पाठयपुस्तक तत्काल उपलब्ध गराउन प्रधानाध्यापकलाई निर्देशन दिए । नगर प्रमुख सिंहले विद्यालयको भवन निर्माण कार्य अधुरै रहेको र प्राङ्ण पनि मर्मत गर्नु पर्ने देखिएकाले त्यसको निर्माणका लागि आवश्यक इस्टिमेट तयार पारेर महानगरमा पेश गर्न प्रधानाध्यापक मुनिलाल कर्णलाई आग्रह गरेका थिए ।

## पर्साबाट लागुऔषध सहित तीन पक्राउ

मधेशदृष्टि
वीरगञ्ज ११ पुस ।
प्रहरीले पर्साबाट प्रतिबन्धित लागु औषध खैरो हिरोईन सहित तीन जनालाई पक्राउ गरेको छ । बहुदरमाई नगरपालिका वडा नम्बर १ बस्ने १९ वर्षीय हरिओम महतो, मकवानपुरको हेटौडा उपमहानगरपालिका वडा नम्बर १० बस्ने २६ वर्षीय परमेश्वर साह र वडा नम्बर २५ बस्ने २६ वर्षीय युगेन लामालाई प्रहरीले पक्राउ गरेको हो । हरिओम महतोलाई नियन्त्रणमा लिएर प्रहरीले शरीर खानतलासी गर्दा पाइन्टको खल्तीबाट खैरो हिरोईन २० ग्राम फेला पारेको थियो ।

महतोसँग सोधपुछ गर्दा परमेश्वर र लामालाई बिक्रि गर्न लागेको बताएपछि उनीहरुलाई समेत पक्राउ गरी कारबाहीको दायरामा ल्याईएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए । उनीहरुलाई वीरगञ्ज महानगरपालिका वडा नं. १६ बसपार्कबाट पक्राउ गरिएको थियो । तीनै जना विरुद्ध लागु औषध सम्बन्धी कसूरमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## भैंसीको अवैध घ्यु बरामद

मधेशदृष्टि
वीरगंज ११ पुस ।
रौतहटको ईशनाथ नगर क्षेत्रबाट ठूलो परिमाणमा भारतबाट अवैध रूपमा आयातित भैंसीको घ्यु बरामद गरेको छ । विशेष सूचनाको आधारमा ईशनाथ नगरपालिका वडा नम्बर ४ स्थित शिवमङ्गल महराको खरको गोठबाट आइतबार साँझ सशस्त्र प्रहरीको टोलीले १६ क्वीन्टल घ्यु बरामद गरेको हो । बरामद घिउको मुल्य ८ लाख ५३ हजार कायम गरी आवश्यक कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौर पठाइएको सशस्त्र प्रहरी ११ नम्बर हेडक्वाटर प्रमुख सशस्त्र प्रहरी उपरीक्षक ध्रुवबहादुर कार्कीले जानकारी दिए । पछिल्लो समय स्थानीय तथा भारतीय तस्करको समूहले सीमावर्ती भारतीय बजारबाट भैंसीको घ्यु खरिद गरी अबैधरूपमा औरैयाबाट चल्ने रात्रीसेवाको यात्रुवाहक बस मार्फत काठमाडौंसम्म पुर्‍याउँदै आएका छन् । विगत केहि समय यता देखि रौतहटका विभिन्न नाकाहरुबाट खाद्यान्न लगायत दैनिक उपभोग्य सामग्री, लत्ताकपडा, इलेक्ट्रोनिक सामानको तस्करी बढेको स्थानीयले बताएका छन ।

## बिल बिजक भन्दा बढी सामान बोकेको ट्रक प्रहरी नियन्त्रणमा




मधेशदृष्टि
बीरगंज ११ पुस ।
बिल बिजक भन्दा बढी लाखौं मुल्यको खुद्रा, हार्डवेयर तथा औषधी सामाग्रीहरू लोड रहेका ट्रक प्रहरीले आइतवारराति वीरगंजको घण्टाघर बाट नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले वीरगंजको घण्टाघर स्थित सडक खण्डबाट नेपालगंज तर्फ जादै गरेको ना ६ ख ६६६७ नम्बरको मालवाहक ट्रकलाई रोकी जाँच गर्दा नेपाल रोड क्यारियर ट्रासपोर्टबाट पठाईएको ट्रकमा विल बिजक संकास्पद देखिएको हुँदा उक्त ट्रक नियन्त्रणमा लिई चेकजाँचको क्रममा ९४ लाख २१ हजार मुल्य बराबरको खुद्रा, हार्डवेयर तथा औषधीजन्य सामाग्रीहरू फेला पारेपछि थप अनुसन्धान तथा आवश्यक कारवाहीका लागि सोमवार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एव डिएसपी दिपक गिरीले जानकारी दिए ।

## मधेस प्रदेश सांसदको शपथ पुस १५ गते

मधेशदृष्टि
जनकपुरधाम, पुस ११ ।
मधेस प्रदेशका नव निर्वाचित प्रदेशसभा सदस्यहरु पुस १५ गते पद तथा गोपनियताको शपथ लिने भएको छ ।

सोमबार प्रदेशसभामा बसेको सर्वदलीय बैठकबाट पुस १५ गते दिनको २ बजे सपथ ग्रहणका लागि समय निर्धारण गरिएको प्रदेशसभा सचिवालयका सचिवालयका सचिव रंजित कुमार यादवले जानकारी दिएका छन ।

नेपालको संविधानको धारा १७९ बमोजिम प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि प्रदेश कानून बमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था रहेको छ । सो व्यवस्था बमोजिम नै नवनिर्वाचित प्रदेश सभा सदस्यहरुले शपथ लिनेछ ।

नेपालको संविधानको धारा १८२ को उपधारा (५), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम प्रदेश सभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्य गोबिन्द बहादुर न्यौपानेले प्रदेश प्रमुखबाट पहिलो शपथ ग्रहण गर्नेछ भने उनी आफ्नो शपथ पश्चात अन्य प्रदेश सभा सदस्यहरुलाई शपथ गराउनेछ ।

सचिव यादवले भने सपथ ग्रहणका लागि दुई घण्टा अगावै निर्वाचित प्रदेशसभा सदस्यहरु राष्ट्रिय पोशाक वा आ-आफ्नो सांस्कृतिक पहिचान झल्किने पोशाकमा उपस्थिति हुन सचिवालयले अनुरोध गरिएको छ भने आफ्नो मातृभाषामा शपथ लिन चाहने सदस्यले तीन दिन अगावै प्रदेशसभा सचिवालयमा जानकारी गराउनु पर्नेछ । सो बैठक कांग्रेसबाट शेषनारायण यादव, विरेन्द्र सिंह, एमालेबाट रत्नेश्वर गोइत, राजकुमार लेखी, जसपाबाट सरोजकुमार यादव, रामआशिष यादव, माओवादीबाट युवराज भट्टराई, नेकपा एसबाट बेची लुङ्गेली लगायतका मधेश प्रदेशमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# प्रदेश सभा सचिवालय

## मधेश प्रदेश, जनकपुधाम

**प्रदेश सभा सदस्यको शपथ ग्रहण कार्यक्रममा उपस्थित हुने सम्बन्धी ।**

मिति:२०७९।०९।११

**अत्यन्त जरुरी सूचना**

नेपालको संविधानको धारा १७९ बमोजिम प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनु अघि प्रदेश कानून बमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था रहेको छ । नेपालको संविधानको धारा १८२ को उपधारा (५), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम प्रदेश सभाको अध्यक्षता गर्ने माननीय ज्येष्ठ सदस्यले देहायको मिति, समय र स्थानमा प्रदेश सभाका माननीय सदस्यहरुलाई गराउनु हुने शपथ ग्रहण कार्यक्रममा निर्वाचन आयोगबाट प्राप्त प्रदेश सभा सदस्यको प्रमाण पत्र ( सक्कल तथा एक प्रति प्रतिलिपि ), नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि एवं हालसालैको पासपोर्ट साइजको फोटो दुई प्रति सहित दुई घण्टा अगावै राष्ट्रिय पोशाक वा आ-आफ्नो सांस्कृतिक पहिचान झल्कने पोशाकमा उपस्थितिको लागि सम्पूर्ण माननीय सदस्यहरुलाई अनुरोध गर्दछु ।

प्रदेश सभाका कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहनु भएमा त्यस्तो सदस्यले शपथको ब्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रतिसहित प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ को उपदफा (२) बमोजिम तीन दिन अगावै प्रदेश सभा सचिवालयमा उपलब्ध गराउन हुन समेत यो सूचना प्रकाशित गरिएको छ । साथै सबै जिल्ला प्रशासन कार्यालयले यसै सूचनालाई आधार मानी आ-आफ्नो जिल्लाका प्रदेश सभाका माननीय सदस्यहरुलाई उल्लिखित जानकारी गराइदिने व्यवस्था हुन समेत अनुरोध गरिन्छ ।

**शपथ ग्रहन हुने मिति, समय र स्थान:**
मिति: २०७९ साल पुष महिना १५ गते शुक्रवार
उपस्थित हुने समय : दिनको ११:३०
शपथग्रहण हुने समय : दिनको २ बजे
स्थान : प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम

..............................
( रंजित कुमार यादव )
सचिव

रोजगार बनौ ! **Admission Open** रोजगार बनौ !
**जनकपुर अंचल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र सु-प्रसिद्ध तालिम केन्द्र**

**शंकर टेक्निकल**

शैक्षिक सत्र २०७९/०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट खाली रहेको हुनाले C.T.E.V.T. को कुनै पनि संकायबाट प्रवेश परिक्षा उतिर्ण विद्यार्थीहरुले ७ दिन भित्र आफनो शैक्षिक प्रमाण पत्र सहित निवेदन दिन हुनकालागि जानकारी गराउँद छौ ।संचालनका लागि आवदेन फारम भर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना !

**DIPLOMA PROGRAMMS**
ल्याव टेक्निसियन (C.M.L.T.) ३ बर्षे

**PRE-DIPLOMA PROGRAMMS**
विद्युत सब-ओभरसियर (E.S.O.) १८ महिने ।
सिभिल सब-ओभरसियर (C.S.O.) १८ महिने ।
सर्भे ईन्जिनियरिंग (अमिन नाप) १८ महिने ।

कोर्षहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम 2 GPA तथा प्रि-डिपलोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नोसिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस् ।

**सम्पर्क स्थान:**
**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**
जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
☎041–421362, ✆9812091464, 9854020564, 9844038367

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल